महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

आर्थिक वर्ष - २०७९/८०

रामपुर नगरपालिका, पाल्पा

८०५५०४०२३००

रामपुर नगरपालिका , पाल्पा

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
लुम्बिनी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-७-३०

च.न :

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुख ज्यु ,
रामपुर नगरपालिका, पाल्पा ,
रामपुर नगरपालिका , पाल्पा

लेखापरीक्षण ऐन २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०६।०१ मा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

सत्य नारायण थापा
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रण कार्यालय,
तानसेन, पाल्पा ।,
palpa.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई, तानसेन, पाल्पा ।,
palpa.dtco@fcgo.gov.np

परिचय

१

(क) कार्यालयको उद्देश्य :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।५।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु.१७०५९७८४५३.६७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२२०५९३ असुल भई दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम/ ब.उ.शी.नं.	वापत	दाखिला भएको बैङ्क	मिति	रकम
सामाजिक सुरक्षा	वडा नं.३ को मृतकलाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको फिर्ता दाखिला	राष्ट्रिय बाणिज्य बैंक	०५/२४/२०८०	१८९२
दहत्तर बहत्तर	वडा नं.१ ले अमानतबाट असुल गरेको ढुंगा गिट्टीको असुली दाखिला जरिवाना समेत	कृषि विकास बैंक	०५/२४/२०८०	८४२५५
सामाजिक सुरक्षा	वडा नं.१ को मृतकलाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको फिर्ता दाखिला	राष्ट्रिय बाणिज्य बैंक	०५/२५/२०८०	५६४६
सामाजिक सुरक्षा	वडा नं.७ को मृतकलाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको फिर्ता दाखिला	राष्ट्रिय बाणिज्य बैंक	०५/२५/२०८०	३५१८
सामाजिक सुरक्षा	वडा नं.६ को मृतकलाई सामाजिक सुरक्षा भत्ता बढी भुक्तानी भएको फिर्ता दाखिला	राष्ट्रिय बाणिज्य बैंक	०६/०५/२०८०	२१६०६
संघीय शशर्त	शिक्षाको बढी निकासा असुली	राष्ट्रिय बाणिज्य बैंक	०६/१०/२०८०	२२८००
	अनुगमन भत्ता वापतको दोहोरो भुक्तानी असुल			२९७५०
	एकै दिन दोहोरो बैठक भत्ता भुक्तानी भएको असुल			४२५००
	हाजिरी भएको अवधीमा भुक्तानी भएको भ्रमण भत्ता असुल			५२००
	चार्डपर्व खर्चमा बढी ग्रेड भुक्तानी भएको असुल			२३१६
गाउँपालिका चालु	सहकारी तालिम सञ्चालन खर्च शिर्षक अन्तर्गत कर्मचारी श्री पुजा परियारलाई बढि भुक्तानी भएको असुल	कृषि विकास बैंक	०६/३०/२०८०	१११०
जम्मा				**२२०५९३**

२ **एकिकृत आर्थिक विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम रामपुर नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय आय-व्यय हिसावको आर्थिक वर्ष २०७९/८० को संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

सि.नं.	आय		सि.नं.	व्यय	
	विवरण	रकम		विवरण	रकम
१	गतवर्षको जिम्मेवारी		१	संघीय समानीकरण अनुदान	
	क. स्थानीय संचितकोष खाता	१०१२१९९४४.५०		क. चालु	८१६५१३२.००
	ख. आन्तरिक राजश्व खाता	०.००		ख. पूंजीगत	८२१०६१६२.००
	ग. स्थानीय तह धरौटी खाता	१६०३७७२९.००	२	शशर्त संघीय	
	घ. प्रकोप व्यवस्थापन कोष खाता	५७८६६४.५३		क. चालु	३१२२०९६०६.६६
	ङ.विविध खर्च खाता			ख. पूंजीगत	३०९६३९७५.००
	· सुचना प्रविधि अधिकृतको तलब	६४०९३७.५०	३	संघीय समपुरक अनुदान पूँजीगत	१५७०४५०.००
	· जिल्ला समन्वय समिति	५४७५००.००	४	आन्तरिक स्रोत	
	· औद्यिगिक ग्राम	९५३४७५१.००		क. चालु	७२४९३२२२.७१
२	राजश्व आय			ख. पूंजीगत	३६१०९०८५.००
	क. आन्तरिक राजश्व	३७४२७३५९.४१	५	राजश्व वाँडफाँड	
	ख. राजश्व वांडफाड(संघीय)	८०४२७९६६.७०		क. संघीय चालु	४३८५२५५०.०८
	ग. राजश्व बाँडफाँड(प्रदेश)	१०९५६२५५.६०		ख. संघीय पुँजिगत	२३७७१५८१.००
३	संघ सरकारबाट हस्तान्तरण			ग. प्रदेश चालु	३९८७२२८.००
	क. वित्तीय समानीकरण अनुदान	१२३६७२५००.००		घ. प्रदेश पुँजिगत	४९८१८५७.००
	ख. सशर्त अनुदान	३६५०८८०००.००	६	संघीय विशेष अनुदान (चालु)	९६९३३६.००
	ग. समपुरक अनुदान	३४०६३९३.००	७	संघीय विशेष अनुदान (पूंजीगत)	४६३९५५८.००
	घ. विशेष अनुदान (चालु)	९६९३३६.००	८	प्रदेश समानीकरण अनुदान	६६७९१३८.००
	ङ. बिशेष अनुदान (पूंजीगत)	४९०८१३६.००	९	प्रदेश विशेष अनुदान चालु	६६४९५१३.००
४	प्रदेश सरकारबाट हस्तान्तरण		१०	प्रदेश समपूरक अनुदान पूँजीगत	९०७४६०२.००
	क. वित्तीय समानीकरण अनुदान	७४४६०००.००	११	प्रदेश सशर्त अनुदान पूँजीगत	१२३५०७४७.००
	ख. समपूरक अनुदान	१४५०४९३८.००	१२	अन्तर सरकारी वित्तीय हस्तान्तरण	
	ग. सशर्त अनुदान	१२८०००००.००		क. सामाजिक सुरक्षा	१५४२२१८०६.००
	घ. बिशेष अनुदान	७००००००.००		ख. भापा संस्कृती कार्यक्रम	१९०६८७४.००
५	अन्तर सरकारी वित्तीय हस्तान्तरण			ग.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	४४०७८४.००
	क. सामाजिक सुरक्षा	१५४२२१८०६.००	१३	धरौटी फिर्ता	७०३०२५६.००
	ख. भापा संस्कृती कार्यक्रम	१९०६८७४.००	१४	कार्यसञ्चालन कोष	
	ग.प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम	४४०७८४.००		क. प्रकोप व्यवस्थापन कोष	२५६५८४६.००
६	कार्यसञ्चालन कोष			ख. विविध खर्च खाता	
	क. प्रकोप व्यवस्थापन कोष	२०००००००.००		· सडक बोर्ड नेपाल	४०४३१९६.००
	ख. विविध खर्च खाता			· सुचना प्रविधि अधिकृतको तलब	०.००

https://nams.oag.gov.np

	· सडक बोर्ड नेपाल	४३५८१२४.००		· जिल्ला समन्वय समिति	१७१६९७.००
	· सुचना प्रविधि अधिकृतको तलब	३८६६४०.५०		· औद्यिगिक ग्राम	०.००
	· जिल्ला समन्वय समिति	०.००	१५	फिर्ता	
	· औद्यिगिक ग्राम	०.००		क. संघीय सशर्त अनुदान(चालु)	१४६०८३९३.३४
७	धरौटीको प्राप्ती	८०२५४९८.००		ख. संघीय शसर्त अनुदान(पूँजिगत)	७३०६०२५.००
८	विभाज्य कोष	४८२८६२४.६७		ग.संघीय समपुरक अनुदान	१८३५९४३.००
				घ.संघीय विशेष पुँजिगत	२६८५७८.००
				ङ. संघीय विशेष चालु	०.००
				च. प्रदेश शसर्त अनुदान(पूँजिगत)	४४९२५३.००
				छ. प्रदेश समपुरक अनुदान	५४३०३३६.००
				ज. प्रदेश विशेष पुँजिगत	३५०४८७.००
			१६	मौज्दात रकम (स्रेस्ता अनुसार)	
				क. स्थानीय तह संचितकोष खाता	८३८३२६९५.०९
				ख. धरौटी खाता	१७०३२९७१.००
				ग. प्रकोप व्यवस्थापन कोष खाता	१२८१८.५३
				घ. विविध खर्च खाता	
				· सडक बोर्ड नेपाल	३१४९२८.००
				· सुचना प्रविधि अधिकृतको तलब	१०२७५७८.००
				· जिल्ला समन्वय समिति	३७५८०३.००
				· औद्यिगिक ग्राम	९५३४७५१.००
				ङ. आन्तरिक राजस्व खाता	०.००
	जम्माः	**९७३३३४७६२.४१**		**जम्माः**	**९७३३३४७६२.४१**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **आन्तरिक नियन्त्रण प्रणाली:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन:

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्ने सम्बन्धमा भएका अध्ययन र प्रतिवेदनको अभिलेख व्यवस्थित नरहेको तथा प्राप्त तथ्यांकमा एकरुपता देखिएको छैन ।

• पालिकाले आर्थिक वर्षको समग्र आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको छैन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको, संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन ।

• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सम्पूर्ण क्षेत्र/विषय प्रविष्टी नगरेकोले शुत्रबाट प्राप्त भएको आर्थिक विवरणले यथार्थ अवस्थाको चित्रण गर्न सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको छैन ।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई उपभोग र वितरणमुखी रहेको देखिएको छ ।

• पालिकाले वडा कार्यालय र विषयगत कार्यालय समेतको जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको छैन । कतिपय गोश्वारा भौचर तोकिएको अधिकारीबाट प्रमाणित समेत भएको छैन ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै कार्यवाही भएको छैन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता कार्य नभएको वा अद्यावधिक भएको छैन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा सो को पालना गर्नलाई स्थायी प्रकृतिको कागजात तयार गरी कार्यान्वयन गरेको छ ।

• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारी दरवन्दीबमोजिम पदपूर्ती नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको छैन ।

• वातावरणको संरक्षणको एकीकृत दिर्घकालीन योजना तयार नगरेको र शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

• कार्यालयको स्वीकृत दरबन्दीअनुसार जनशक्ति व्यवस्थापनका लागि सम्बन्धीत निकायमा समन्वय गर्नु पर्नेमा सो गरेको छैन ।

• कार्यालयको कार्य प्रकृति अनुसार सार्वजनिक निकायको प्रमुखले मातहत कर्मचारीलाई कार्यविवरण/कार्यादेश दिई समयमै कार्यसम्पादनमा जोड दिनुपर्नेमा सो भएको छैन ।

• सवारी साधन मर्मत सम्भार तथा संरक्षणका लागि म.ले.प. फारम नं. ४१४ को प्रयोग कार्यान्वियन ल्याएको छैन् ।

• भ्रमण तथा भ्रमण खर्चको अभिलेख तथा आन्तरिक नियन्त्रणको लागि म.ले.प फारमको व्यवस्था गरिएको छ। कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीको भ्रमण अभिलेख खाता म.ले.प फारम ९०८ बमोजिम राखेको पाइएन ।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन ।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिवाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन ।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन वापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन ।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन । यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेतर्फ नगरपालिकाले ध्यान दिनुपर्दछ ।

उपरोक्त बुँदा समेत पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **वित्तीय प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५४२२१८०६, भाषा संस्कृती कार्यक्रमको रु.१९०६८७४ र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको रु.४४०७८४ समेत गरी रु.१५६५६९४६४ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२ **फरक हिसाबः** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.८१७५६८८.५० , यस वर्षको प्राप्ति

रु.१८९३९०११९.८४, यस वर्षको भुक्तानी रु.१८६००३४७९.३४ र बैङ्क मौज्दात रु.१०५६२३२८.९८ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	१२०३८३८३८.०३	६५५३८५११६.०४	६७४१९९७३८.४५	१०१५६९२१५.६२
एकीकृत आर्थिक विवरण अनुसार	१२८५५९५२६.५३	८४४७७५२३५.८८	८६१२०३२१७.७९	११२१३१५४४.६
फरक	**८१७५६८८.५**	**१८९३९०११९.८४**	**१८७००३४७९.३४**	**१०५६२३२८.९८**

सैद्धान्तिक बेरुजु

५ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.37427359.41 राजस्व बाँडफाँड र अनुदानबाट रु.६३११७९५२५.३० समेत रू. ६६८६०६८८४.७१ आम्दानी भएकोमा चालु तर्फ रु.४४८३२६५८८.४५ र पूँजिगत तर्फ रु.२१२२४७१५५.०० समेत रु.६६०५७३७४३.४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१२६६२७५० खर्च भएको छ जुन आन्तरिक आयको ३३.८३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७.०५ प्रतिशत चालु र ३१.७४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **दुई लेखाप्रणालीः**

एउटा कार्यालयमा एक लेखा प्रणाली हुनुपर्दछ । सार्वजनिक निकायमा एक भन्दा बढी लेखा प्रणाली भएमा आय व्ययलाई एकीकृत गर्न, विश्लेषण गर्न र प्रतिवेदन गर्न ती लेखा प्रणालीका बीच अन्तरसम्बन्ध कायम गरिनुपर्दछ । स्थानीय तहमा दुई लेखा प्रणाली SUTRA(Sub-National Treasury Regulatory Application) र CGAS(Computerized Government Accounting System) बाट लेखा राख्ने गरिएको छ । तर ती दुवै प्रणालीका बीच एकैकार्यक्रमका खर्चलाई एकीकृत गर्ने र प्रतिवेदन दिने व्यवस्था रहेको छैन । पालिकामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको बजेट प्रयोग गर्दा अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS प्रणालीमा र स्थानीय श्रोतलाई SUTRA प्रणालीमा प्रबिष्टि गर्दा एकै कार्यक्रम/योजनाको हकमा दुवै प्रणालीमा बजेट खर्चलाई अभिलेख गर्दा अन्तरसम्बन्ध नहुँदा के कति खर्च भयो यकिन गर्न नसकिने स्थिति छ । अन्तर सरकारी वित्तिय हस्तान्तरणको रकम CGAS मा मात्र अभिलेख गरिने हुँदा ले SUTRA प्रणालीबाट प्रतिवेदन गरिने वार्षिक आर्थिक विवरण म.ले.प. फाराम २७२ मा समावेश हुन सक्ने देखियो । सोका कारण वर्षभरि भएको कारोवारको वास्तविक प्रतिवेदन समेत प्राप्त नहुने र एकै कार्यक्रममा दुई प्रणालीबाट खर्च लेख्दा सो खर्च दोहोरो हुन नदिन लेखाप्रणालीले नियन्त्रण गर्न सक्ने अवस्था देखिएन । एक निकायमा एक लेखाप्रणाली लागू गर्नुपर्ने र दुई लेखाप्रणाली लागू गर्न आवश्यक भए ती प्रणालीका बीच अभिलेख एकीकृत हुने व्यवस्था लागू गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च प्रतिशत	क्षेत्रगत खर्च प्रतिशत
आर्थिक विकास	३९४४५०००	२७८२९७६२	७०.५५	४.२१
सामाजिक विकास	४०९१७९०००	३७५००७०४२.६६	९१.६५	५६.७७
पूर्वाधार विकास	२१२८६८०००	१३२७१२६८७.	६२.३५	२०.०९
सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्र	२४९७५०००	१७२६८३९६.३९	६९.१४	२.६१
कार्य सञ्चालन तथा प्रशासनिक	१६११४६०००	१०७७५५८५५.४	६६.८७	१६.३१
जम्मा	**८४७६१३०००**	**६६०५७३७४३.४५**	**७७.९३**	**१००**

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार पूर्वाधार विकासमा सबैभन्दा कम ६२.३५ प्रतिशत र सामाजिक विकास अन्तर्गत सबैभन्दा बढी ९१.६५ प्रतिशत खर्च गरेको छ । उल्लिखित ५ क्षेत्रको क्षेत्रगत खर्च प्रतिशतमध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६.७७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धीत क्षेत्रमा सबैभन्दा कम २.६१ प्रतिशत खर्च भएको छ । कार्यसञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
नगरपालिका पुंजीगत	१६२११९१३७	०	२०८१५५३५	५३५९९९२४	८७७०३६७८	३७८२९७२४
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम	३७१७३९८३	०	३७०५३१२	३९९०४२५	२९४७८२४६	२००६१५१५
प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम	१२३५०७४७	०	०	३४३८५२३	८९१२२२४	४१०५४४०
जम्मा खर्च	**२११६४३८६७**	**०**	**२४५२०८४७**	**६१०२८८७२**	**१२६०९४१४८**	**६१९९६६७९**
खर्च प्रतिशत	**१००**	**०**	**११.५९**	**२८.८४**	**५९.५८**	**२९.२९**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२११६४३८६७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.०(० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२४५२०८४७(११.५९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६१०२८८७२(२८.८४ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२६०९४१४८(५९.५८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६१९९६६७९(२९.२९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **वार्षिक खरिद योजना/गुरुयोजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१२२४७१५५.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ६ वडाको लागि वडास्तरिय ३७८ र पालिकास्तरका २०५ गरी कुल ५८३ योजनामा वजेट विनियोजन गरेको छ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख भन्दा माथी	रु.५ लाखदेखि २० सम्म	रु.५ लाखभन्दा कमका
१	पालिकास्तरीय	२०५	२४	५१	१३०
२	वडास्तरीय	३७८	०	७	३७१

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ४५५ योजनामात्र कार्यान्वयन भई १२८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१८५०८२४ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **लक्ष्य प्रगतिः**

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।०३।१० मा रु.८४ करोड ७६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।२४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको नगर कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६०, आयुर्वेदतर्फ १३ र स्वास्थ्यतर्फ ७९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म नगर कार्यपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३२,

आयुर्वेदतर्फ २ र स्वास्थ्यतर्फ १४ स्थायी पदपूर्ती भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्दछ । रिक्त पद यथाशिघ्र पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकातर्फका ३२ जना कर्मचारीको रु.१ करोड ६० लाख ३० हजार खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **कर्मचारी करार:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था भएकोमा पालिकाले विभिन्न पदमा ८८ जना कर्मचारी करारमा राखी रु.२ करोड १४ लाख ०१ हजार खर्च लेखेको छ ।

सैद्धान्तिक बेरुजु

२० **अवकाश कोष:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको स्थापना गरेको छैन । पालिकाले अवकाश कोषको स्थापना गरी भावी दायित्व भुक्तानी सहजतालाई सुनिश्चित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **स्थानीय तथ्याङ्क,**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **जिन्सी व्यवस्थापनः**

नगरपालिकाको जिन्सि व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन ।

२२.१ **जिन्सी निरीक्षणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न

सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२.२ **जिन्सी अभिलेखः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा खरिद गरी वा नगरी, हस्तान्तरण भई वा बस्तुगत सहायतामा प्राप्त मालसामान ७ दिन भित्र मूल्य र स्पेसिफिकेशन खुलाई जिन्सी दाखिला गरी लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको साविक गा.वि.स. र विषयगत शाखाको सम्पूर्ण चल, अचल सम्पति र जिन्सी अभिलेख प्राप्त गरी नगरपालिकाको जिन्सी तथा सम्पत्ति रजिष्टरमा अभिलेख नराखेको, यस वर्ष खरिद गरेका कतिपय खप्ने तथा नखप्ने मालसामान जिन्सी दाखिला नगरेको, नगरपालिका अन्तर्गतका वडा कार्यालयले खरिद गरेको मालसामानको जिन्सी दाखिला नगरेको तथा वडा कार्यालयमा नै दाखिला गर्ने गरेको कारण नगरपालिका अन्तर्गत के कति सम्पत्ति र दायित्व रहेको छ यकिन गर्न सकिएन । नगरपालिकाको स्वामित्वमा रहेको भवन, जग्गा, सवारी साधन, कम्प्यूटर, ल्यापटप, प्रिन्टर, मोवाईल सेट, फर्निचर लगायत खप्ने तथा नखप्ने मालसामान सम्बन्धमा हिनामिना, दुरुपयोग तथा अपचलन हुनबाट संरक्षण गर्न जिन्सी अभिलेख अद्यावधिक गर्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२.३ **पाम्सः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (Public Asset Management System-PAMS) को प्रयोग यस पालिका आंशिक रुपमा गरेको छ । वडा कार्यालय तथा पालिका अन्तर्गतका स्वास्थ्य इकाईहरुको कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री तथा आवश्यक फर्निचर तथा प्रिन्टर समेत सम्बन्धित कार्यालयले नै खरिद गरेको र सो खरिदलाई PAMS मा पोष्टिङ्ग गरेको छैन् । यसले गर्दा पालिका अन्तर्गतका अन्य कार्यालयले वर्ष भर खप्ने जिन्सी सामाग्री कति र नखप्ने जिन्सी सामाग्री कति खरिद गरेको र कति प्रयोग भयो र कति बाँकी छ भन्ने एकिन गर्न सकिएन । पालिका अन्तर्गतका कार्यालयलाई आवश्यक पर्ने कार्यालय सञ्चालन सम्बन्धी सम्पूर्ण जिन्सी सामाग्री नगरपालिकाले एकिकृत रुपमा खरिद गरी PAMS मा दाखिला गराएर मात्र खर्च लेख्नु पर्दछ । पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ । जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४० वटा, यो वर्ष भएको ७४ वटा विवाद दर्ता भएकोमा ६० वटा मात्र फर्स्योट भई ५४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **विविध खर्च:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ रु.२०१७४५४ खर्च गरेको छ । यस्तो खर्चमा मितव्यायीता कायम हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **आर्थिक सहायता:**

यस नगरपालिकाले आर्थिक सहायता वितरण गर्दा आर्थिक सहायता वितरण सम्बन्धी कार्यविधि बनाई कार्याविधिले निर्धारण गरेको मापदण्ड बमोजिम र आफ्नो आन्तरिक आयलाई समेत ध्यानमा राखी आर्थिक सहायता भुक्तानी गर्नु पर्दछ । पालिकाले प्रकोप/विपद् व्यवस्थापन कोषबाट रु.२५६५८४६ खर्च सम्बन्धितहरुको निवेदनमा अध्यक्षको तोकादेशका आधारमा पटके निर्णय गरी आर्थिक सहायता वितरण गरेको छ । यस्ता खर्चमा नियन्त्रण गर्ने तर्फ कार्यलय सचेत हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वडामा १७ योजना सञ्चालन गरी यस वर्ष ८४ जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु.४८४६८०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **औषधी खरिद:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर यस पालिकाले उक्त प्रक्रियावेगर सोझै रु.३०७५६६२ को औषधी खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छनः

• खरिद गरेका उक्त औषधीको उत्पादन कम्पनी र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको छैन ।

• आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टीफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएको छैन् ।

• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।

• औषधीको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ ।

औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **पेश्की बाँकी:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) साथै नियम ५१ मा म्याद नाघेको पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतले व्याज समेत असुल गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार निम्नानुसारको म्याद नाघेको पेश्की फर्छौट भएको छैन् । नियमावलीको व्यवस्था बमोजिम बाँकी पेश्की असुल फर्स्यौट गर्नु पर्ने रु.

सि.नं.	पेश्की लिने ब्यक्ती , फर्म वा कम्पनीको नाम	म्याद नाघेको	म्याद ननाघेको	जम्मा	कैफियत
१	गण्डकी भ्याली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	०	६०००००	६०००००	२०८०/६/३० मा पे.फ. भएको प्रमाण पेश
२	गण्डकी भ्याली कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि.	०	३०००००	३०००००	
३	रामपुर साना सहरी खानेपानी तथा सरसफाई	४५००००	०	४५००००	
जम्मा		**४५००००**	**९०००००**	**१३५००००**	

प्रमाण पेश नगरेको	४,५०,०००

३० **आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरुः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८४ मा कार्यालय प्रमुखले राजश्व, धरौटी तथा बिनियोजतर्फको आन्तरिक लेखापरीक्षण गराई देखिएको बेरुजु फस्र्यौट गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकाले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका निम्नानुसारका व्यहोरा अन्तिम लेखापरीक्षण हुँदाको समयसम्म पनि स्थिति यथावत रहेको छ । ऐन नियमको व्यवस्था अनुसार औल्याएका व्यहोरा फर्स्यौट गरी प्रमाण पेश गर्नु पर्दछ ।

३०.१ **राजनैतिक दलको भातृ संगठनलाइ भुक्तानीः** उपप्रमुख तिज गित, महिला दिवस कार्याक्रम खर्च शिर्षक अन्तर्गत कार्यालयले तिज गित सञ्चालन गरे बापत नेपाल महिला संघलाई रु.९३३१९.०० र अखिल नेपाल महिला संघ लाई रु.४९१३१.०० भुक्तानी दिएको देखिन्छ। यसरी सार्वजनिक वित्तको सहि परिचालन गर्नुपर्नेमा कार्यालयले राजनैतिक दलको भातृ संगठन लाइ भुक्तानी दिनु नियमसंगत देखिएन ।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गत विविध कार्यक्रम खर्च शिर्षकमा पालिकाले नगर प्रहरी सेवा सञ्चालन सम्बन्धि ऐन, २०८० को मस्यौदा लेखनको पारिश्रमिक वापत इन्डिपेन्डेन्ट मल्टिमिडिया एण्ड रिसर्च सेन्टर प्रा.लीको नाममा रु.३९५५०/- भुक्तानी दिएको देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ को दफा २२ बमोजिम गठित विधेयक समितिलाइ प्रभावकारी बनाइ तेस्रो पक्षबाट मस्यौदा लेखन कार्यलाइ निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

नापी किताव स्वीकृतः नगरपालिकाको योजनाको रकम भुक्तानीमा प्रयोग हुने लागत अनुमान, नापि किताब र कार्यसम्पन्न/कार्यस्विकार प्रतिवेदन मध्ये २०७९/११/१५ पछि नापि किताबमा कार्यालय प्रमुखले स्विकृत गरेको देखिएन । महालेखा कार्यालयले सो म.ले.प फारम स्विकृत गरेको तथा लेखा उत्तरदायि अधिकृतको रुपमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ परिच्छेद १ को २(फ) मा कार्यालय प्रमुख रहने उल्लेख गरेकोले माथिल्लो निकायबाट लिखित रुपमा कुनै पत्र/परिपत्र समेत नभएकाले सो नापि किताब कार्यालय प्रमुखले स्विकृत गर्दा उपयुक्त देखिन्छ।

स्टोर दाखिला (PAMS) प्रमाणः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ७८ बमोजिम महालेखा नियन्त्रणको कार्यालयले २०७७ श्रावणबाट सरकारी कार्यालयमा लागु गरेको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) मा खरिद सामाग्री दाखिला गरि खर्च निकासा गर्नुपर्नेमा पालिकाका आधारभुत स्वास्थ्य केन्द्र जब्गादी आफैले रु १४७६३९/- को फ्रिज,हिटर,लो वेड,ग्यास चुलो, सोफा, टेवल र कुर्चि लगायत सामाग्री खरिद गरि आफ्नै कार्यालयको जिन्सी खातामा दाखिला गरेको देखिन्छ ।

दरैठाँटी माद्यमिक विद्यालय नमुना घोषणा खर्च शिर्षक अन्तर्गत दरैठाँटी मा.वी लाई रु 1408224/- भुक्तानी भएकोमा लागत अनुमान, नापि किताब तथा कार्यसम्पन्न प्रतिवेदनमा उल्लेख भएको सिमेन्टको कार्यको स्विकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम १५० बोरा भएकोमा विद्यालयले पेश गरेको चन्द्रसुर्य हार्डवेयर एण्ड सप्लायर्षको विजक नं. SB-00662 मा ४०० वोरा वरावरको विल पेश गरेको देखिन्छ। नर्म्स तथा विल भरपाइ विच फरक परेको देखिन्छ, कार्यालयले योजनाको भुक्तानीमा विल तथा भरपाइ यकिन गरि मात्रै भुक्तानी दिनु उपयुक्त हुन्छ।

घाँसको विउ वेर्ना वितरण कार्यक्रम पुर्ण अनुदान वजेट शिर्षक अन्तर्गत किसानहरुलाइ घाँसको विउ वितरण कार्यक्रमको खर्च वापत देवकोटा घाँस फर्म (जै घासको) विउ रु १०८०००/- मा खरिद गरेको देखिएको तर सार्वजनिक खरिद ऐन,2063 तथा नियमावलि,2064 मा रु १ लाख भन्दा वढि रकमको खरिद गर्नुपर्ने भएमा सुचिकृत सप्लायर्सवाट कोटेसन मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ तर पालिकाले सिधै खरिद गरेको देखिन्छ ।

पोषण कार्यक्रम खर्च शिर्षक अन्तर्गत न.पा को भिटामिन ए र जुकाको औषधि खुवाए तथा अनुगमन वापत रु ५००० खर्च लेखेको देखिन्छ, स्थानिय तह कार्यक्रम सञ्चालन मार्गदर्शनमा स्पष्टसँग स्थानिय तह र स्वास्थ्य शाखाबाट २ जना र प्रत्येक स्वास्थ्य संस्थाबाट २ जनाको दरले प्रतिदिन प्रतिव्यक्ति रु १००० का दरले २ दिनको अनुगमनका लागि खर्च गर्न सकिने कुरा उल्लेख गरेको तर पालिकाले स्वास्थ्य शाखाका सबै कर्मचारी र कार्यालयका अन्य कर्मचारी समेत ८ जना कर्मचारीले २ दिनको अनुगमन खर्च बुझेको देखिन्छ। जसले कार्यक्रम सञ्चालन मार्गदर्शन विपरित खर्च गरेको देखिन्छ ।

कोभिड १९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप सञ्चालन व्यवस्थापन खर्च शिर्षकमा पालिकाले IHMIS सम्बन्धित कार्यक्रममा खर्च गरि रु 144710/- खर्च लेखेको पाइयो तर स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शनमा स्थानीय तहमा कोभिड १९ विरुद्ध खोप सञ्चालन गर्न,वडा तहमा पुर्व तयारी र सामाजिक परिचालनका कृयाकलापहरु सञ्चालन गर्न स्थानिय तह स्तरीय योजना र सुपरिवेक्षण तथा अनुगमन खर्चमा खर्च गर्नुपर्ने देखिन्छ ।

विभिन्न सरुवारोग, नसर्ने रोग लगायत दिवस कार्यक्रममा पेश गरेका विल भरपाइ जोडजम्मा गर्दा रु ४२३८०/- देखिन्छ तर ७ जना स्वास्थ्य संस्था प्रमुखको नाममा २१००० मात्रै भुक्तानी दिइएको छ। सोहि स्रोतमा प्रयाप्त रकम हुँदाहुँदै खर्च किन कम लेखिएको हो, कुनै आधार देखिएन ।

अनुगमन प्रतिवेदनः वातावरण तथा विपद् व्यवस्थापन कार्यविधि,२०७४ को परिच्छेद ७ मा राहात सम्बन्धि व्यवस्था छ।सोहि परिच्छेदको दफा ३ को ख मा राहात वितरणको सम्वन्धमा तालिका उल्लेख गरेको पाइन्छ। तालिकाको क्र.स ४,५,६ र ७ मा कैफियत कोलुममा आवश्यक कागजातको व्यवस्था मा अनुगमन प्रतिवेदनको व्यवस्था गरेको र तर पालिकाले राहात उपलब्ध गराउँदा कुनैपनि अनुगमन प्रतिवेदन बिना नै उपलब्ध गराएको पाइयो। यसरी राहात उपलब्ध गराउँदा कार्यविधिको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

फोहोर व्यवस्थापनः कार्यालयले फोहोर व्यवस्थापन शुल्क तोकि मासिक रुपमा संकलन गरेको देखिएन। कार्यालयबाट फोहोर व्यवस्थापन शुल्क हालसम्म २४२२००/- मात्रै जम्मा गरेको पाइयो। शुल्क संकलनको लागि कार्यालयबाट मासिक रुपमा नै संकलन गर्ने र शुल्क समयमै जम्मा गर्नुपर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । कार्यालयको रसिद नियन्त्रण खाता समेत म.ले.प फारम नं. ९०४ अनुसार नै अद्यावधिक गर्नुपर्ने देखिन्छ ।

३०.२ **१. कृषि विकास कार्यक्रम** खर्च शिर्षक अन्तर्गत वडा नं. २ को कृषि विकास कार्यक्रम उपभोक्ता समितिको नाममा १४७७३५/- भुक्तानी भएकोमा कार्यक्रम सम्झौता मिति २०७९/०९/१९ भन्दा पहिलेको खाजाको बिलको रकम समेत भुक्तानी भएको देखिन्छ। सम्झौता मितिभन्दा पहिलेको खाजाको विल वायतको रकम असुल गर्नुपर्ने रु.

२. गैलुक-भञ्याङ्ग-कटहरेडाँडाँ-चन्दनपुर-पिपलभञ्याङ्गसम्म मोटरबाटो स्तरोन्नती खर्च शिर्षक अन्तर्गत उपभोक्ता समितिको नाममा रु.४४७६५७ भुक्तानी भएकोमा उ.स ले भुक्तानीको लागि पेश भएको रोयल्टी रसिद बहखोला घाट क्षेत्र, अवि कन्सट्रक्सन बाट जारी भएको देखिन्छ । तर न.पा बाट अवि कन्सट्रक्सनलाई ०-१०० र १०१-२०० गरि जम्मा २ ठेली मात्रै प्रयोग गर्न मिल्नेगरी दिइएकोमा न.पा बाट जारी नै नभएको २०१-३०० को रोयल्टि बिल प्रयोग भएको देखिएकाले कार्यालयले छानविन गरि आवश्यक कारवाहि गरि सो योजनामा प्रयोग भए वरावरको रकम (६००*२३) समेत असुल गर्नुपर्ने रु

३. शुभकामना पथ (दिपक के.सी को घर देखि फणेश्वर गौतमको घरसम्म) अधुरो नाली निर्माण शिर्षक अन्तर्गत दरभाउपत्र मार्फत सन्ध्या एण्ड दिब्या बिल्डर्स एण्ड कन्सट्रक्सन प्रा.लि सँग सम्झौता भइ रु.५५५००४ बजेट खर्च लेखेको देखिन्छ तर सो कन्सट्रक्सनले पेश गरेको विजक नं.००१ को विलमा रु.५५०७९०.३५ बराबरको बिल पेश भएको र सोहि बमोजिम नै कार्य भएको प्राविधिक प्रतिवेदन समावेश देखिन्छ । त्यसैले बढि भुक्तानी भएको रु ४२१३.६५ रकम बेरुजु दाखिला गर्नुपर्ने रु.

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
३०.२.१	वडा नं. २ कार्यालय	७,८२०
३०.२.२	गैलुक-भञ्याङ्ग-कटहरेडाँडाँ-चन्दनपुर-पिपलभञ्याङ्गसम्म मोटरबाटो स्तरोन्नती	१३,८००
३०.२.३	सन्ध्या एण्ड दिब्या बिल्डर्स एण्ड कन्सट्रक्सन प्रा.लि	४,२१४
	असुल गर्नुपर्ने	२५,८३४

३०.३ **काभ्रेघारी देखि बोर्डिङ्ग सम्म जाने मोटरबाटो स्तरोन्नती** कार्यमा प्रयोग गरिएका ढुङ्गा , गिटि लगायतका रोयल्टि विल कन्चन कन्सट्रक्सन, पानसयखोला घाट क्षेत्रका प्रयोग गरिएका र ति प्रयोग भएका रोयल्टि विल अर्धकट्टिको अघिल्लो भाग प्रयोग भएको देखिएकाले सो विल अघिल्लो भाग किन र कसरी प्रयोग भएको हो।सो सम्बन्धमा आवस्यक छानविन गरि कारवाहिको प्रकृयामा जानुपर्ने र ति अर्धकट्टि (६००*२९) वापतको रकम असुल गर्नुपर्ने रु.

अपाङ्गता तथा जेष्ठ नागरिकको लागि अपाङ्ग वा जेष्ठ नागरिक ग्राम निर्माण बजेट शिर्षक अन्तर्गत एज्मी मायरा कन्सट्रक्सन प्रा.लि सँग ठेक्का सम्झौता गरि रु. ४६३९५५८.०० बजेट खर्च लेखेकोमा ठेक्का विलको PS Iteam को Insurance बापतको रु. ४००००/- भुक्तानी भएको देखिएकाले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने देखिएको रु.

ज्याम्दी बृहत पार्क व्यवस्थापन खर्च शिर्षक अन्तर्गत उ.स को नाममा रु.९७०८५२ खर्च लेखिएकोमा उपभोक्ता समितिले पेश गरेको डोरहाजिरिमा दोहोरो विवरण पेश गरि भुक्तानी लिएको देखिएकाले असुल गरि वेरुजु दाखिला गर्नुपर्ने रु.

नाम	दिन	दर	रकम
सुक बहादुर नेपाली	८	७१५	५७२०
किसान घर्ति	८	७१५	५७२०
कपिल पंगेनी	८	७१५	५७२०

https://nams.oag.gov.np

क्रम	कर्मचारीको/फर्म/संगठन नाम	असुली रकम
३०.३.१	काभ्रेघारी देखि बोर्डिङ्ग सम्म जाने मोटरबाटो स्तरोन्नती	१७,४००
३०.३.२	एज्मी मायरा कन्स्ट्रक्सन प्रा.लि	४०,०००
३०.३.३	ज्याग्दी बृहत पार्क व्यवस्थापन उपभोक्ता समिति	१७,१६०

असुल गर्नुपर्ने	७४,५६०

३०.४ **रोयल्टि रसिद नियन्त्रणः** कार्यालयबाट आय ठेक्का लगाएका विभिन्न घाटहरु लाइ कार्यालयबाट जारी गरिएका रोयल्टि रसिदको सम्बन्धमा आन्तरिक लेखापरिक्षणको क्रममा निम्न तथ्यहरु प्राप्त भएका छन्।सो सम्बन्धमा कार्यालयबाट आबश्यक छानविन गरि जरिवाना तथा कारवाहि गर्नुपर्ने देखिन्छ।

- कार्यालयबाट जारि भएको भन्दा थप रसिद छपाइ गरि विक्रि वितरण गरेको।
- रसिदको अर्धकट्टिको अघिल्लो भाग समेत बिक्रि गरेको।
- कुनै परियोजनाका लागि भनि लगेको रसिद समेत उपभोक्ता समितिलाइ विक्री गरेको।
- कार्यालयले उत्खनन गर्न दिएको परिमाणभन्दा बढि परिमाणको रसिद विक्रि वितरण गरेको।

जसका केहि उदाहरण निम्न छन।

क्र.सं.	घाट	रसिद नं.	कैफियत
1	भलायटार घाट	-203,120,782,068	-न.पा बाट जारी भएको रसिद रातो नं. भएका तर यी रसिद कालो रसिद नं. भएका
		-252,525,042,545	
		-2467,2500,2401,	
		-242,824,212,427	
2	खयरबोट घाट	-7,503,751,365,176,990	-न.पा बाट जारी नै नभएका रसिद
		7028,6870,7503,7513,	-कोरिडोरको लागि दिएको
		640,864,896,299	
		-4021	
3	बहखोला घाट	-258,259,255,260,255,	-जम्मा रसिद नं.200 सम्म न.पा बाट जारी भएकोले यी रसिद जारी नै नभएका
		262,263,256,257,268,	
		267,266,245,249,247,	
		269,270,272,271,270,	
		300,297,298,299	
4	पानसय खोला घाट	-55,052,047	-अर्धकट्टि समेत प्रयोग भएको देखिएको

सैद्धान्तिक बेरुजु

३०.५ सार्वजनिक खरिद नियमावली,2064 को नियम 97 (11) मा उपभोक्ता वा लाभग्राहि समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट जाँचपास गराइ भुक्तानी दिनुपर्ने व्यवस्था छ। नगरपालिकाले देहायका उपभोक्ता समितिबाट कार्य गराएकोमा विभिन्न कार्यको स्विकृत जिल्ला दर रेट तथा नर्म्सबाट कायम भएको दररेट भन्दा बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु.

गो.भौ.नं.	उपभोक्ता समितिको नाम	हुनुपर्ने	भएको	बढि भुक्तानी भएको
216	ग्रामिण महिला भवन निर्माण	9060 वटा इट्टा	8000 ईट्टा	1060*15.26= 16175.6/
456	साठीपाइला ग्रावेल तथा पक्की नाली निर्माण	88 वोरा सिमेन्ट	४५ वोरा सिमेन्ट	43*698.34= 30028.62/-
466	इन्द्रावति पथ नाली निर्माण तथा स्तरोन्नती	441 वोरा सिमेन्ट	415 वोरा	26*698.34= 18156.84/-

असुल गर्नुपर्ने	६४,३६०

३०.६ **जनताको अपेक्षा मेयरको सुवेच्छयाः** जनताको अपेक्षा मेयरको सुवेच्छया कार्यक्रम व्यवस्थापन कार्यविधिको परिच्छेद २ को दफा ७ मा कार्यक्रमको लागि माग प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ। इच्छुक व्यक्ति/संघ वा संस्थाले प्रत्येक आ.ब को बैशाख महिनासम्ममा अनुसुची १ वमोजिमको फारम भरी योजना शाखामा आर्को आ.ब को लागि प्रस्ताव पेश गर्नुपर्ने उल्लेख छ । यसरी सो अनुसुची बमोजिम प्रस्ताव नै पेश नगरी भुक्तानी गरेको रकम अनियमित देखिन्छ ।

गो.भौ.नं	योजना/कार्यक्रम	रकम
७	श्री दुर्गामन्दिर व्यवस्थापन समिति	१९५४७२/-
१२७	बयलटारी कुलो निर्माण	८७९८१/-

सैद्धान्तिक बेरुजु

३०.७ **सामाग्री खरिद, योजना किताब भरि भुक्तानीः** उपभोक्ता समुहले समाग्री खरिद गर्दा प्रस्ताबना स्विकृत गराइ काम गर्नुपर्नेमा योजना किताब भरि भुक्तानी लिएको देखियो जसको कुनै आधार देखिएन ।

गो.भौ.नं	योजना/कार्यक्रम	सामाग्री	भुक्तानी
75	प्रगतिशिल आमा समुह भवन व्यवस्थापन	भाँडा	48872/-
131	उपकार आमा समुह भवन व्यवस्थापन	भाँडा र टेवल	48883/-
193	शैक्षिक सुधार तथा भौतिक पुर्वाधार निर्माण	टेवल,कुर्चीं, लो सिटर, सूचना पार्टि	97785/-
320	लक्ष्मण प्रसाद आचार्य खानेपानी व्यवस्थापन	पाइप	48884/-
441	टंकनाथ समृति भवन फर्निचर तथा फर्निसिङ्	फर्निचर	60000/-

सैद्धान्तिक बेरुजु

३१ **धरौटी सम्बन्धी व्यहोराः**

३१.१ **धरौटी फिर्ता:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरेपछि भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले गो.भौ.नं. ७२ मिति २०८०/३/२४ बाट नेपाल थोपा सिंचाई प्रा.लि.लाई धरौटी फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर समायोजन गरेको प्रमाण कागजात वेगर धरौटी फिर्ता दिएको देखियो । मु.अ.कर समायोजन पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	२,७२,०००

३१.२ **धरौटी सदरस्याहा गर्नु पर्ने:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को दफा ६७(१) मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम वा करारको शर्तनामा बमोजिम धरौटी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने भएमा जिम्मेवार व्यक्तिले प्रतलित कानून वा करारको शर्तनामामा म्याद तोकिएको भए सोही म्यादभित्र र म्याद नतोकिएको भएमा तीस दिनभित्र निर्णय गरी दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले श्रोत नखुलेको रकम जनाई धरौटी खातामा रु.११३५० आम्दानी देखाएको छ । यसरी श्रोत नखुलेको रकम राजश्व दाखिला गर्नु पर्नेमा धरौटी खातामा नै देखिको हुँदा सो रकम राजश्व दाखिला गरी प्रमाण पेश गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	११,३५०

३२ **पदाधिकारीहरुको भ्रमण भत्ताः**

लुम्बिनी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि ऐन,2076 को दफा 9 मा पदाधिकारी तथा सदस्यले कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्जा बाहेक अन्य ठाँउ/स्थानमा भ्रमण गर्दा मात्रै भ्रमण भत्ता पाउने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा अनुगमन मुल्याङ्कन खर्च शिर्षक अन्तर्गत स्थानीय तहका पदाधिकारीहरुलाई पालिकाले आफ्नो जिल्ला भित्रको भ्रमणमा समेत भ्रमण भत्ता भुक्तानी गरेको देखिएकोले ऐनले गरेको व्यवस्थाको विपरित भ्रमण भत्ता भुक्तानी लिने निम्न पदाधिकारीहरूबाट असुल गर्नुपर्ने रु.

गो.भौ.नं र मिति	भ्रमण स्थान	भ्रमण अवधी	पदाधिकारी	रकम
३७-२०७९/७/२९	तानसेन	श्रावण १३-१६	नगर प्रमुख श्री रमण बहादुर थापा	६५००
	तानसेन	श्रावण २२-२५		६५००
३१४-२०८०/२/२	तानसेन	चैत्र २१-२३		४५००
	तानसेन	चैत्र १८-२०		४५००
	तानसेन	चैत्र १०-१३		६५००
	माथागढी	फागुन ६-८		४५००
४६१-२०८०/३/१९	तानसेन	असार १३-१५		४५००
जम्मा				३७५००
१६०-२०७९/१०/१८	तानसेन	मंसिर १६-१९	नगर उप-प्रमुख श्री बाल कुमारी थापा	६०००
	तानसेन	कार्तिक १८-२१		६०००
	तानसेन	असोज १-३		४२००
३१४-२०८०/२/२	तानसेन	चैत्र १८-२०		४०५०
	तानसेन	चैत्र १०-१२		४०५०
	तानसेन	फागुन २०-२२		४०५०
४६१-२०८०/३/१९	तानसेन	असार १३-१५		४५००
४२३-२०८०/३/१३	रैनादेवी छहरा	बैशाख २८-३०		४०५०
	तानसेन	बैशाख १५-१७		४०५०
	तानसेन	बैशाख १९-२१		४०५०
	तानसेन	जेठ १२-१४		४०५०
	तानसेन	जेठ २६-२८		४०५०
जम्मा				५३१००
४६१-२०८०/३/१९	तानसेन	असार १३-१५	वडा अध्यक्ष श्री कृष्ण बहादुर दर्जी	३६००
कुल जम्मा				**९४२००**

असुल गर्नुपर्ने	९४,२००

३३ **सरुवा भ्रमण भत्ताः**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ९ बमोजिम कुनै पदाधिकारी वा कर्मचारी सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा र नयाँ नियुक्ति भएकोमा नियुक्ति बुझेको ठाउँबाट नियुक्ति भएको पदमा बहाल गर्न जाँदा नियमावली बमोजिम दैनिक भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ । भ्रमण खर्च लेख्दा स्वीकृत भ्रमण विल र भ्रमण आदेश अनुसार खर्च लेख्नु पर्दछ । यस पालिकामा कार्यरत प्रमुख प्रशासकिय अधिकृत श्री गंगालाल सुवेदीलाई पोखरा सरुवा भई जाँदा पारिवारीक भ्रमण भत्ताको भुक्तानी दिँदा भ्रमण विलमा २०७९ भाद्र ३१ मा रामपुरबाट रमाना भई भाद्र ३१ मा नै पोखरा पुगेको देखाई २.२५ दिनको ६ जना

परिवारको दैनिक भत्ता र भ्रमण खर्च भुक्तानी दिएको छ । यसरी एक दिनको भ्रमण अवधीको लागि नियमावलीको नियम ७(४) बमोजिम दैनिक भ्रमण भत्ता दरको २५ प्रतिशत मात्र दैनिक भ्रमण भत्ता भुक्तानी दिनु पर्नेमा २.२५ दिनको भ्रमण भत्ता भुक्तानी दिएकोले २ दिनको ६ जना परिवारको प्रतिदिन रु.१६०० का दरले हुने जम्मा रु.१९२०० सम्बन्धितबाट असुल हुनु पर्ने रु.

क्रम	कर्मचारीको नाम	असुली रकम
३३.१	श्री गंगालाल सुवेदी	१९,२००

असुल गर्नुपर्ने	१९,२००

३४ **योजना अनुगमन भत्ताः**

लुम्बिनी प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा नगरस्तरिय अनुगमन समितिका पदाधिकारिले योजना अनुगमन गरेवापत अनुगमन भत्ता पाउने सम्बन्धी कुनै व्यवस्था रहेको छैन् । पालिकाले आ.व.२०७९/८० भर विभिन्न योजना अनुगमन गरेको भनी निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भनी वर्षको अन्त्यमा एकमुष्ट कर कट्टी गरी रु.२०८२५० भुक्तानी दिएको छ । योजना अनुगमन गरि पेस गरेको प्रतिवेदनमा स्थलगत रुपमा अनुगमन गरि देखिएका व्यहोरा उल्लेख गर्नु पर्नेमा सो सँग सम्बन्धित व्यहोरा प्रतिवेदनमा देखिएन । साथै जुन व्यक्तिलाई साईट हेर्न तोकिएको छ सोहि व्यक्तिलाई नै अनुगमन समितिको सदस्य राखी समिति बनाईएको समेत कानून सम्मत देखिएन । यसरी कानूनले व्यवस्था नगरेको अनुगमन भत्ता भुक्तानी लिएको नियम सम्मत नदेखिएको रु.

सि.नं.	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	कृष्ण बहादुर थापा	२२,१००.००
२	कृष्ण बहादुर दर्जी	८५०
३	डिल बहादुर राना	२,५५०.००
४	तिल कुमारी राना (झेडी)	८५०
५	तोयानाथ सारु थाापा	२,५५०.००
६	दुर्गा प्रसाद पोख्रेल	४,२५०.००
७	दामोदर पाठक	८५०
८	दिनेश आचार्य	८५०
९	दोवराज तिवारी	५,९५०.००
१०	प्रकाश बस्याल	६,८००.००
११	बाल कुमारी थापा	२४,६५०.००
१२	मन्जु नेपाली	८५०
१३	युवराज पन्थी	१०,२००.००
१४	रन्जन न्यौपाने	२४,६५०.००
१५	रमेश सुबेदी	१०,२००.००
१६	राम बहादुर राना	५,१००.००
१७	लेखनाथ न्यौपाने	२४,६५०.००
१८	विक्रम बस्नेत	२४,६५०.००
१९	शंकर प्रसाद कंडेल	८,५००.००
२०	सागर रेग्मी	२,५५०.००
२१	सीता न्यौपाने	२४,६५०.००
जम्मा		**२०८२५०**

अनियमित भएको	२,०८,२५०

३५ **जस्तापता खरिद:**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले स्वस्तिका सप्लायर्सबाट रु.११५४९६० को ९०.५ बन्डल जस्तापाता खरिद गरेकोमा ६१.२३ बन्डल मात्र वितरण गरेको भरपाई लेखापरीक्षणको क्रममा पेश भएको हुँदा बाँकी रहेको २९.२६ बन्डल पालिकाको भण्डारणमा रहेको देखिएकोले प्रति बन्डल रु.१२७६२ बाँकी २९.२६ बन्डलको जम्मा रु.३७३४१६ वितरण गरी भरपाई पेश हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	३,७३,४१६

३६ **बैठक भत्ताः**

लुम्बिनी प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ८(१) मा पदाधिकारीहरुले एकै दिन एकभन्दा बढी बैठक बसेको अवस्थामा एक बैठकको मात्र बैठक भत्ता पाउने व्यवस्था छ । पालिकाले तोकिएको ढाँचामा भ्रमण अभिलेख समेत नराखेकोले भ्रमणको अवधीमा बैठक भत्ता भुक्तानी भए नभएको समेत एकिन गर्न सकिएन । अतः निम्नानुसारको पदाधिकारीलाई एकै दिन २ वा सोभन्दा बढी बैठकको भत्ता दोहोरो पर्ने गरी भुक्तानी लिएको देखिएकोले दोहोरो बैठक भुक्तानी भएको सम्बन्धितबाट असुल हुनु पर्ने रु.

सि.नं.	कर्मचारी/ पदाधिकारीको नाम र पद	दोहोरो भत्ता भुक्तानी भएको मिति	बैठक	असुल गर्नु पर्ने रकम
१	श्री रमण बहादुर थापा	२०८० बैशाख १७	विपन्न नागरिक औषधी उपचार र उद्धार तथा राहत समिति	८५०
		२०८० जेठ ४	कार्यपालिका र उद्धार तथा राहत समितिको बैठकमा	८५०
		२०८० जेठ २५	मनोरोग परामर्श कार्यक्रम र लैंगिक समानता तथा सामाजिक समावेशिकरण समन्वय समितिमा	८५०
		२०७९ भाद्र १२	विपन्न नागरिक समितिको बैठकको एकै दिन २ भत्ता भुक्तानी	८५०
		२०८० असार ६	कार्यपालिका बैठक र विपन्न नागरिक समिति	८५०
		२०७९ चैत्र २०	राजस्व परामर्श समिति र नगर शिक्षा समितिमा	८५०
		२०७९ माघ २३	कृषि अनुदान वितरण समिति र अपांगता परिचय पत्र वितरण समन्वय समितिमा	८५०
		२०७९ फागुन २१	कार्यपालिका बैठक र कृषि अनुदान वितरण समितिमा	८५०
२	श्री बाल कुमारी थापा	२०८० जेठ ४	कार्यपालिका, सामाजिक विकास समिति र उद्धार तथा राहत समितिको बैठकमा	१७००
		२०८० जेठ २५	मनोरोग परामर्श कार्यक्रम र लैंगिक समानता तथा सामाजिक समावेशिकरण समन्वय समितिमा	८५०
		२०८० बैशाख ८	न्यायीक समिति र लैंगिक समानता तथा सामाजिक समावेशिकरण समन्वय समितिमा	८५०
		२०७९ चैत्र १२	लैंगिक समानता तथा सामाजिक समावेशीकरण समन्वतय समिति र न्यायीक समितिमा	८५०
		२०७९ चैत्र २०	राजस्व परामर्श समिति र नगर शिक्षा समितिमा	८५०
३	श्री दुर्गा प्रसाद पोखरेल	२०७९ चैत्र १९	विपन्न नागरिक समितिको बैठकको दुई भत्ता भुक्तानी	८५०
४	श्री कपिल बहादुर खाँण	२०८० असार ३	विपन्न नागरिक र विपत व्यवस्थापन समितिको बैठकको भुक्तानी	८५०
५	श्री दुर्गा देवी भण्डारी	२०७९ फागुन २१	कार्यपालिका बैठक र कृषि अनुदान वितरण समितिमा	८५०
जम्मा				**१४४५०**

असुल गर्नुपर्ने	१४,४५०

३७ **एक दरबन्दीमा तीन कर्मचारीलाई पदस्थापनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो काम करवाही संचालन गर्न आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा कर्मचारी व्यवस्थापन गर्न सक्ने व्यवस्था गर्नु पर्ने र सो संगठन संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मन्त्रीपरिषदमा पेश गरि स्वीकृत गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यसै आर्थिक वर्ष संगठन सर्वेक्षण गरी सहायक पाँचौ (शिक्षा) मा ३ दरबन्दी रहने गरी संगठन संरचना परिवर्तन गरेको छ । गत आर्थिक वर्षमा एक दरवन्दीमात्र रहेको सहायक पाँचौ (शिक्षा) पदमा यस आर्थिक वर्षमा दरबन्दी थप गरी तीन बनाई अन्य स्थानीय तहबाट सरुवा सहमती दिई पदस्थापन गरेको छ । मिति २०८०।०३।१० मा बसेको गाउ सभाबाट ईन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टरबाट पेस भएको संगठन संरचना स्वीकृत गरिएतापनि सो संरचना मन्त्रिपरिषदबाट स्वीकृत भएको देखिएन । शिक्षा सहायक पाँचौ तहमा कार्यरत कर्मचारीलाई सरुवा सहमती दिएर पदस्थापन गराए तापनि शिक्षा शाखाको जिम्मेवारी दिएको समेत पाईएन । नगरपालिकाले तयार गरेको संगठन संरचना मन्त्रीरिषदबाट स्वीकृत नगराई तीन कर्मचारी नियुक्ती गरिनु नियम सम्मत देखिएन । नगरपालिकाले संगठन संरचना मन्त्रीरिषदबाट स्वीकृत नगराई थप दुई कर्मचारीलाई प्रति महिना प्रति व्यक्ती रु.३४७३०.०० ले १३ महिनाको हुने रु. ९०२९८० तलब भत्ता वापत खर्च लेखेको छ । अन्य गाउँपालिकामा शिक्षा शाखा हेर्ने गरी नियुक्त गरेका शिक्षातर्फका प्रा.स.(सहायक पाँचौ) लाई काज सरुवा सहमती दिई शिक्षा शाखाभन्दा अन्य शाखाको जिम्मेवारी दिएको पाइयो । कार्यालयले सरुवा सहमती दिँदा सम्बन्धित सेवाका कर्मचारीलाई मात्र सहमती दिई जिम्मेवारी दिने र फरक सेवाको कर्मचारीलाई फरक सेवामा जिम्मेवारी दिने गरी सहमती दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **सिमाभन्दा बढीको खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले खरिद गर्दा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यवसायी वा फर्मबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा सत्यवती स्टोर्सबाट विभिन्न कार्यालय तथा मसलन्द सामाग्री खरिद गरेकोमा नियमावलीको नियम १९(२) ले तोकेको सिमाभन्दा बढीको विजक जारी गरेकोमा १.५ प्रतिशत मात्र कर कट्टी गरी भुक्तानी दिएको छ । नियमावली विपरित खरिद गरी निम्नानुसारको गोश्वारा भौचरबाट भुक्तानी दिएको छ । यसरी नियमावलीले तोकेको सिमाभन्दा बढीको विजक जारी गर्ने फर्मलाई आयकर ऐन, २०५८ बमोजिम करको दायरा ल्याउनु पर्ने देखिन्छ । यसरी खरिद गरिएको सार्वजनिक खरिद कानून विपरितको खर्च अनियमित रु.

क्र.सं.	मिति	भौ. नं.	विवरण	भुक्तानी रकम
१	०७/०४/२०७९	१७	बीस हजारमाथीका ७ वटा प्यान विलबाट	२२४७३०
२	०९/२४/२०७९	१३२	बीस हजारमाथीका ३ वटा प्यान विलबाट	१४१६६०
३	१२/१३/२०७९	२१५	बीस हजारमाथीका ६ वटा प्यान विलबाट	१५८३७५
४	०२/०७/२०८०	३२४	बीस हजारमाथीका ३ वटा प्यान विलबाट	१४१४१५
जम्मा				**६६६१८०**

अनियमित भएको	६,६६,१८०

३९ **पटक पटक खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै

व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना नगरी पालिकाले निम्नानुसार खरिद गरेको अनियमित रु.

क्र.सं.	मिति	भौ. नं.	भुक्तानी लिने फर्म	भुक्तानी रकम
१	०९/२०/२०७९	११७	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस र ओजन अफसेट प्रेस	१६७९३९
४	१२/२०/२०७९	२३७	कालीगण्डकी ल्यापटप एण्ड मोबाईल केयर सेन्टर समेत ८ फर्म	३२२७५७
५	०१/२७/२०८०	३०१	ए. टु .जेड कम्प्युटर समेत ६ फर्म	१९७५६७
७	०२/२२/२०८०	३५१	ढुंगाना स्टोर्स समेत १० फर्म	२९७१९६
८	२०८०/०२/३१	३७५	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस समेत ७ फर्म	७४२८६७
९	०३/०६/२०८०	४०६	साझा स्टेशनरी एण्ड विविध अर्डर सप्लायर्स	४८५३८५
१०	०३/१३/२०८०	४२७	वि. एण्ड वि. इन्टरप्राइजेज समेत ३ फर्म	१४९८२०
११	०३/२२/२०८०	५१४	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस समेत १९ फर्म	९८५२५९
१२	०८/०९/२०७९	५४	साझा स्टेशनरी एण्ड विविध अर्डर सप्लायर्स	४९१०९८
१३	०८/०९/२०७९	५५	अरुणा अफसेट प्रेस समेत ७ फर्म	३३९५९१
१४	०८/०९/२०७९	५६	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस समेत ५ फर्म	३६८८८२
१५	०८/०९/२०७९	५७	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस समेत ४ फर्म	२९१३९०
१६	०८/१०/२०७९	५८	भट्टराई सप्लायर्स र तिवारी फर्निसिङ्ग एण्ड सप्लायर्स	१६०६४५
१७	०८/२६/२०७९	७०	भट्टराई इन्टरप्राइजेज	९१८६९
१८	०८/२६/२०७९	७१	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस	१५८६५२
१९	११/०५/२०७९	१७७	भट्टराई इन्टरप्राईजेज र रामपुर पलम्बिङ्ग सेन्टर	११९९२३
२०	०३/२२/२०८०	५१४	सेवा डिजिटल प्रिन्ट एण्ड सर्भिस समेत १९ फर्म	९८५२५९
जम्मा				**६३५६०९९**

अनियमित भएको	६३,५६,०९९

४० **चालु खर्चबाट पूँजिगतः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ बमोजिम बजेट तर्जुमा गर्दा खर्चको प्रकृति अनुसार गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार खर्च लेख्दा चालु प्रकृतिका खर्चलाई बजेट तयारीको क्रममा पूँजिगत खर्च शिर्षकमा प्रविष्ट गरी बजेट तर्जुमा गरिएको र सोही अनुसार चालु प्रकृतिको खर्च पूँजिगत शिर्षकबाट लेखेको छ । यसले गर्दा चालु र पूँजिगत खर्चको यथार्थता देखाउन नसक्ने हुँदा बजेट तयारीमा विशेष ध्यान दिनु पर्दछ ।

गो.भौ.नं.	विवरण	खर्च रकम
२७-२०७९/८/२९	मदर्शा नुरुल्होदा अहले सुन्नत विद्यालय व्यवस्थापन (स्थानीय स्रोत शिक्षकको तलब)	१२५०००
३२-२०७९/९/१७	पशुको औषधी खरिद	४२०६७
४१-२०७९/१०/१५	पशुको औषधी खरिद	३९८६५
४२-२०७९/१०/१६	हमाल कृषि तथा पुशपन्छी फर्म व्यवस्थापन बंगुरको बच्चा तथा दाना खुवाउने भाँडा खरिद	५००००
४७-२०७९/१०/२९	सिंजाली बंगुर फर्म व्यवस्थापनको लागि अनुदान बंगुरका बच्चा तथा दाना खुवाउने भाडा खरिद	५००००
९०-२०७९/११/२६	तरकारी विउविजन वितरण कार्यक्रम	२०००००
९६-२०७९/१२/१२	कृषि विकास कार्यक्रममा विउविजन वितरण कार्यक्रम	१०००००
१५०-२०७९/१२/१७	व्यवसायिक किसानलाई बिउ अनुदान	७५०००
३३९-२०८०/१/२४	स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन खर्च	२८६००
३४२-२०८०/१/२४	स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन खर्च	३००००
३५३-२०८०/१/२५	नेवारी जात्रा तथा संस्कृति संरक्षण कार्यक्रम	५००००
३६३-२०८०/१/२६	स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन	२९९५८
४०३-२०८०/२/७	शैक्षिक संस्था सहयोग कार्यक्रम दरैठाटी मा.वि.	५५०००
४०७-२०८०/२/८	आधारभूत स्वास्थ्य केन्द्र जब्गादी वार्थिङ्ग सेन्टर निर्माण वा स्वास्थ्य सामाग्री खरिद	१४९६५८
४३०-२०८०/२/२१	वडागत विद्यालयको शैक्षिक सुधार कार्यक्रम	१०००००
४६३-२०८०/३/३	कृषि विकास कार्यक्रममा विउविजन वितरण कार्यक्रम	१६९७०९
४९३-२०८०/३/६	आधारभूत स्वास्थ्य केन्द्र विरेन्द्रटार संचालन खर्च	९९२९०
५१३-२०८०/३/१३	सितल नगर लोकल कुखुरा फर्मलाई अनुदान	१५००००
५१४-२०८०/३/१३	वडागत विद्यालयको शैक्षिक सुधार कार्यक्रम	१८५०८६
५२२-२०८०/३/१९	खालिवन स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन	१६७६५
५२३-२०८०/३/१९	खालिवन स्वास्थ्य चौकी तथा शहरी स्वास्थ्य केन्द्र व्यवस्थापन	३००००
५२९-२०८०/३/१९	शैक्षिक संस्था सहयोग कार्यक्रम	१३३२८४
जम्मा		**१९०९२८२**

सैद्धान्तिक बेरुजु

४१ **हेभी इक्विपमेण्टको प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता

समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसरी उपभोक्ता समितिले कार्य गर्ने गरी सम्झौता गर्ने तर सो कार्य पुरै निर्माण व्यवसायीबाट गराउने गरी पुनः उपभोक्ता समितिले दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

भौचर नं. र मिति	उपभोक्ता समितिको नाम	विल पेश गर्ने निर्माण व्यवसायी	विल रकम (भ्याट सहित)	बजेट खर्च रकम
१४४-2079/12/15	आरुखर्क माझिटार फजुवा मो.बा. निर्माण मर्मत	एज्मी मायरा कन्ट्रक्सन प्रा.लि.	१२९६६७	१०९३७२
१७९-2079/12/22	हरित मार्ग स्तरोन्नती योजना	सुविधा कन्सट्रक्सन प्रा.लि.	१६२२४५४	१४६८८४१
२२५-2079/12/28	बिरुवा फोक्सिङ्कोट परन्ते पटकेटारी वडा कार्यालय बाटो निर्माण	पोख्रेल कन्सट्रक्सन प्रा.लि.	१५६६०८	१४६१६२
२३६-2079/12/29	क्षेत्रीगाउँ देखि विक्रम्दीसम्म मोटरबाटो नयाँ ट्र्याक निर्माण	साईबाबा कन्सट्रक्सन प्रा.लि.	१६१३९८	१४६८८९
२८८-२०८०/०१/०८	बोज भञ्ज्याङ्ग देखि सरस्वती मा.वि. सम्म मो.बा. स्तरोन्नती	कुशल कन्स्ट्रक्सन प्रा.लि.	६८६४७५	७८३३८५
		सुविधा कन्स्ट्रक्सन प्रा.लि.	६७८००	
२९२-२०८०/१/८	जब्गादी टंकनाथ स्मृति भवन देखि लाब्दीखोला सम्म ग्राबेल तथा स्तरोन्नती	मल्ल स्क्वायर कन्स्ट्रक्सन एण्ड सप्लायर्स	५०४९४०	६७८७७०
३०७-२०८०/१/१७	पन्थे मिजारे हुँदै आँपस्वारा बेसारडाँडा मो.बा निर्माण/मर्मत	एज्मी मायरा कन्ट्रक्सन प्रा.लि.	३११२००	२९१६५७
३७१-2080/01/27	मिलन चौपारी चम्फे मुरली भञ्ज्याङ्ग मोटरबाटो स्तरोन्नती	कुशल कन्स्ट्रक्सन प्रा.लि.	२३०३५०	१८९२३२
३९७-२०८०/२/७	देउराली रानागाउँ हटिया मोटरबाटो निर्माण	पोख्रेल कन्स्ट्रक्सन प्रा.लि.	११२२०५	१३८२८५
४०९-२०८०/२/८	वडास्तरीय मर्मत संभार	मल्ल स्क्वायर कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४२७१४	२८४६४०
		सुविधा कन्स्ट्रक्सन प्रा.लि.	२८८३१९	
४२२-२०८०/२/१२	लामाथान देखि हरितमार्ग मोटरबाटो नयाँ ट्र्याक विस्तार	सुविधा कन्स्ट्रक्सन प्रा.लि.	१६०००८	१४६८९८

सैद्धान्तिक बेरुजु

४२ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
४४०६२४२१९.७	३७४२७३५९.४१	८.४९

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.४९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४३ **राजस्व असुलीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका १० वडाहरुमध्ये निम्नानुसार वडा नं.२ को राजस्व असुली परीक्षण गर्दा रु.२३०४४० असुली भएकोमा रु.२२९२१० मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

क्र सं	वडा नं	आय शिर्षक	असुली रु.	दाखिला रु.	दाखिला गर्न बाँकी
१	२	विभिन्न	२३०४४०	२२९२१०	१२३०

असुल गर्नुपर्ने	१,२३०

४४ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

क्र.सं.	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी	असुली प्रतिशत
१	भुमिकर/मालपोत	३५००००००	१४६४९४६९	४१.८६
२	वहाल कर	२२०००००	२०९२३४९	९५.११
३	सवारी साधन कर (साना सवारी)	४०००००	०	०
४	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१५०००००	०	०
५	अन्य कर	४०००००	२८५००	७.१३
६	अन्य सेवा शुल्क तथा बिक्री	५०००००	४२३६६०	८४.७३
७	नक्सापास दस्तुर	३०००००००	३५५६६९२	११.८६
८	सिफारिश दस्तुर	७००००००	३४८६३४५	४९.८
९	व्यक्तिगत घटना दर्ता दस्तुर	३००००००	४९४८३८	१६.४९
१०	अन्य क्षेत्रको आय	४०००००	१०६६६८.२१	२६.६७
११	प्रशासनिक दण्ड जरिवाना र जफत	५०००००	६४१४४८	१२८.२९
१२	अन्य राजस्व	१००००००	९४६६४८०.७	९४६.६५
१३	व्यवसाय कर	१४००००००	१८५०८२४	१३.२२
जम्मा		**९५९०००००**	**३६७९७२७३.९१**	**३८.३७**

माथी उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०७९।८० मा रु.९५९००००० असुली हुने अनुमान गरेकोमा रु.३६७९७२७३.९१ मात्र असुली गरेको छ जुन असुली अनुमानको ३८.३७ प्रतिशत मात्र हो । कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान अनुसारको असुली गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४५ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९५९००००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३६७९७२७३.९१ अर्थात अनुमानको ३८.३७ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

४६ **राजस्वको आन्तरिक नियन्त्रणः**

पालिकाले आफ्नो क्षेत्रभित्र राजस्व असुल गर्नका लागि छापेको ठेली म.ले.प.फारम नं.९०४ बमोजिमको ढाँचामा रसिद नियन्त्रण खातामा आम्दानी जनाई सोही खातामा रसिद बुझ्नेको अभिलेख राख्ने र सो रसिद बुझेको र बुझाएको प्रमाणित गरी राख्नु पर्नेमा पालिकाले गत आर्थिक वर्षमा के कति रसिद छापेको थियो? के कति खर्च भयो? प्रयोग नभएको रसिद के कति थियो? सो को अभिलेख नराखि रसिद बुझेको मात्र अभिलेख राखेकोले गत आर्थिक वर्षमा प्रयोग नभएको र यस आर्थिक वर्षमा छापेको रसिद एकिन गर्न सक्ने अवस्था देखिएन । म.ले.प.फारम नं.९०४ बमोजिमको अभिलेख पूर्णरुपमा राखि रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्ने देखिन्छ । यसले गर्दा के कति राजस्व असुली हुनु पर्ने थियो र के कति राजस्व असुली भयो भनी एकिन गर्न सक्ने अवस्था छैन् । अभिलेख पूर्ण

रुपमा नभएको र अभिलेखमा भएको केही रसिद समेत लेखापरीक्षणमा पेश नहुनुले राजस्वको नियन्त्रण कमजोर रहेको देखिन्छ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४७ **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम १९ मा विनियोजीत बजेट खर्च मापदण्ड बमोजिम हुनु पर्ने व्यवस्था रहेको छ । प्रदेश सुशासन केन्द्र द्वारा जारी स्थानीय तहको क्षमता विकास योजना तयार गर्नको लागि कार्य शर्त विवरण २०७९ को बुदा नं ३ मा प्रदेश सुशासन केन्द्रसंग समझदारी पत्रमा हस्ताक्षर भई सकेपछी स्थानीय तहले प्रचलित कानुन बमोजिम खरिद गर्ने भन्ने व्यवस्था रहेकोमा सुशासन केन्द्रसँग स्थानीय तहले २०८०/०२/१५ गते भित्र खरिद कार्य सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा सुशासन केन्द्रको सम्झौता विपरित नगरपालिकाले राजस्व सुधार कार्ययोजना वापत आफू खुसी म्याद थप गरी अलाना ईन्टरनेशनल सर्विसेस प्रा.लि.लाई भुक्तानी गरेको अनियमित रु.

अनियमित भएको	४,३४,९३२

४८ **विद्यालय अनुगमनः**

कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९।८० अनुसार विद्यालयलाई दिने अनुदान एकीन विद्यार्थी संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन मापदण्ड तयार गरी अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकामा ५१ विद्यालय रहेकोमा विद्यालय अनुगमन मापदण्ड तयार नगरेको तथा विद्यालयमा गएका सवै प्रकारका अनुदानको अनुगमन नगरेकोले निकासा भएका अनुदानहरु सहि सदुपयोग भए नभएको एकिन हुने अवस्था छैन। नियममा भएको व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **विद्यालय अनुदान :**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.१२ विज्ञान प्रयोगशाला, आईसिटी तथा पुस्तकालय अनुदान रकम छनौट भएका विद्यालयलाई एकमुष्ट अनुदान दिने र विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भए पश्चात पालिकाबाट सोको अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विज्ञान प्रयोगशाला, आइसिटी तथा पुस्तकालय स्थापनाका लागि देहाय अनुसार विद्यालयलाई निम्नानुसार रकम निकासा दिएकोमा विद्यालयबाट खरिद भएको विल भरपाई प्राप्त भएकोमा विद्यालयले विल वमोजिम खरिद गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन भएको देखिएन।तसर्थ पालिकाबाट अनुगमन गरी विल बमोजिम खरिद तथा जिन्सी दाखिला भएको सुनिश्चित हुनुपर्दछ ।

क्र. सं.	**विद्यालयको नाम**	**वापत**	**रकम**
1.	श्री चन्द्रोदय मा. वि .	विज्ञान प्रयोगशाला	६५००००
2.	श्री कालिका मा. वि .	विज्ञान प्रयोगशाला	६५००००
3.	श्री गंगा मा. वि .	पुस्तकालय स्थापना	६५००००
4.	श्री दरैठाटी मा. वि .	पुस्तकालय स्थापना	६५००००
5.	श्री जनविकास मा. वि .	पुस्तकालय स्थापना	६५००००
जम्मा			**३२५००००**

सैद्धान्तिक बेरुजु

५० **शिक्षकको तलब निकासा :**

स्थानीय र प्रदेश तहमा शसर्त एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को खण्ड २ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकिन विवरण शिक्षा विकास तथा समन्वय ईकाइबाट प्राप्त गरी वा अध्यावधिक गरी सोही अनुसार दरबन्दीमा, राहत कोटा र प्रा.वि. तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागी विद्यालयबाट प्राप्त माग फाराम रुजुगरी अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । साथै शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानुन बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । पालिकाले यो वर्ष शिक्षकको तलव भत्ता वापत निकासा दिएकोमा नियमावलीको प्रावधान अनुसार तलबी प्रतिवेदन पारित गरेको छैन। यसरी तलबी प्रतिवेदन पारित नगरि शिक्षकको तलब निकासा दिँदा शिक्षकहरुको यथार्थ तलब र ग्रेड भुक्तानीमा विश्वस्त हुने आधार देखिएन । अत: तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भुक्तानी गर्नुपर्दछ। यस सम्बन्धमा निम्न व्यहोराहरु देखिएका छन् :

o पालिकाले निकासा दिँदा श्रेस्तासाथ शिक्षकको नामनामेसी सहितको निकासाको विवरण संलग्न गरेको देखिएन ।

o पालिकाको शिक्षा शाखाबाट निकासा मागेको रुजु नगरी निकासा दिएको, निकासा गरेको रकमको प्राप्त तलबी भरपाई रुजु नगरेको र विध्यालयले तलबी भरपाईको सवै जोडजम्मा नगरी खुद पाउने महलको मात्र जोड जम्मा गरेको पाइयो ।

o पालिकाको लेखाको श्रेष्तामा विद्यालयको नामनामेसी बमोजिम हुने निकासा रकमको पुष्ट्याई हुने विध्यालयगत शिक्षक संख्या, जम्मा ग्रेड, भत्ता, कसंकोष, विमा तगायतका तलबी भरपाईमा उल्लेख गर्नुपर्ने सवै विषयहरु उल्लेख गरी तलबी भरपाईकै ढाँचामा निकासा रकमको विवरण राख्नुपर्नेमा विध्यालयको नाम र निकासा रकमको विवरण मात्र राखेको छ।

यसबाट आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ । अत: पालिकाले निकास रकम र सोको भिडान हुने गरी विध्यालयको नाम र शिक्षकको नाम सहितको तलबी भरपाईको विवरण गोश्वारा भौचरसाथ संलग्न राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **विद्यालयको लेखापरीक्षणः**

पालिका अन्तरगतका विद्यालयहरुको समयमै लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ। पालिका अन्तरगत रहेका ५१ सामुदायिक विद्यालयहरुलाई आ.व.२०७९/८० मा पालिकाले दिएको अनुदान निकासा विद्यालयलहरुले आफ्नो वित्तिय विवरणमा सामावेश गरी लेखापरीक्षण गराई प्रतिवेदन पेश गर्नु पर्नेमा गरेको देखिएन । लेखापरीक्षण गरी प्रतिवेदन विश्लेषण सहित विद्यालयको निकासा रकम यकिन हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **तलबी प्रतिवेदनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षणबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानिय तह तर्फ शिक्षकहरुको तलबी प्रतिवेदन पारित नगरि तलबमा रु.१४५७४०३२० खर्च लेखेको छ । ऐनमा व्यवस्था भए बमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **दिवा खाजा:**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यार्थीको दिवा खाजाको लागि विद्यालय संचालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने उल्लेख छ।आर्थिक वर्षको शुरुमै शैक्षिक व्यवस्थापन सुचना प्रणालीमा समावेश भएको बाल विकास देखि कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी १५ का दरले वार्षिक रुपमा १८० दिनका लागि वजेट व्यवस्था गरी सोही आधारमा पालिकाले यस आर्थिक वर्षमा विभिन्न विद्यालयमा दिवा खाजा वापत रु.१२३६९८५०.०० खर्च भएको जनाएको छ। विद्यालयले दैनिक विद्यालयमा उपस्थित विद्यार्थीहरुलाई खाजा खुवाइएको भरपाई पेश गरी दिवा खाजा खर्च लेखेको छ।विद्या लय खुलेको करीव पुरै दिनको विद्यार्थी उपस्थित भएको हाजिर प्रमाणित गरी पेश गरेको छ। उक्त पुरै समय विद्यार्थी विद्यालयमा उपस्थित भए नभएको स्थानीय तहबाट निरीक्षण गरी प्रतिवेदन पेश नगरेकोले विद्यालयले पेश गरेको भरपाई बमोजिम विद्यार्थी उपस्थित रहेको भनी यकिन गर्न

सकिएन। अत: स्थानीय तहबाट सम्वन्धित व्यक्तिले विद्यालयबाट दिएको दिवा खाजा कार्यक्रमको निरीक्षण तथा अनुगमन पुस्तिका तयार गरी राय सुझाव उल्लेख गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५४ विल भर्पाईः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ। रामतुलसी माध्यमिक विद्यालयलाइ छात्रवृत्ति शीर्षकमा ८ जना अपाङ्ग विद्यार्थीहरुको लागि जनही रु १००० का दरले कूल रु ८००० भुक्तानी भएकोमा उक्त भुक्तानी रकम बुझेको भर्पाइ नदेखिएकोले बुझेको भर्पाई पेश हुनुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	८,०००

५५ विद्यालय अनुदानः

कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९/८० अनुसार तोकिएको सुचकाङ्कका आधारमा कार्य सम्पादन सम्पन्न गर्ने विद्यालयलाई कार्य सम्पादनमा आधारित अनुदान विद्यालयले शिक्षण सिकाई समयमापन सम्बन्धि कार्यविधि लागु गरेको सुनिश्चित गरी रु. ५० हजार र उत्कृष्ट सिकाई उपलव्धि भएका विद्यालयलाई सिकाई सुद्धिढिकरणकालागि रु. २ लाख भुक्तानी दिने र सो रकमको निर्देशिका अनुसार मापदण्ड पालना गरे नगरेको तथा प्रस्तावका आधारमा विभिन्न सूचक निर्धारण गरी ति सूचक मूल्याङ्कन गरी उत्कृष्ट विद्यालयलाई अनुदान दिने उल्लेख छ। पालिकाको शिक्षा शाखाबाट विद्यालयको स्वःमूल्याङ्कनको आधारमा देहायका विद्यालयलाई निकासा भएको मापदण्ड र सूचक वेगर भुक्तानी भएको रकम रु.२,५०,००० नियम सम्मत नदेखिएको रु.

क्र. सं.	विद्यालयको नाम	असुली रकम
1.	श्री मदरसा प्रा. वि .	५००००
2.	श्री शिव शक्ति आ. वि .	५००००
3.	श्री बुद्ध प्रा. वि .	५००००
4.	श्री कालिका प्रा. वि .	५००००
5.	श्री जनहित प्रा. वि .	५००००
जम्मा		**२५००००**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले शिक्षण सिकाई अनुदान तथा दरबन्दी नभएका विद्यालयमा बार्षिक प्रति विद्यार्थि लागत अनुदान र शिक्षण सिकाई अनुदान शीर्षकमा निकासा दिने गरे पनि पालिकाबाट बितरण भएको अनुदानको सम्बन्धमा स्थानीय अनुदान नीति तथा कार्यविधि, विद्यालयको O&M नगरी संघबाट वितरण हुने सोही शीर्षकमा दोहोरोपना हुने गरी पालिकाबाट नियुक्त गरी सहजकर्ता शिक्षकको बार्षिक खर्च लेखेको देखियो। एउटै शीर्षकमा विना कार्यविधि पालिकाबाट दोहोरोपना हुने गरी खर्च लेखेको मनासिव देखिएन। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

अनियमित भएको	२,५०,०००

५६ कृषक अनुदान:

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ अनुसार सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात जाँच गरी दुरुष्त भएमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। कार्यालयले खायन आलु उत्पादन कार्यक्रम अन्तर्गत खुमल उज्जल आलु ८५०० किलोग्राम प्रति Kg रु. ७० का दरले रु. ५९५००० को खरिद गरी ५० प्रतिशत अनुदानमा कृषकलाई वितरण गर्दा ८४५० Kg आलु वितरणको मात्र भर्पाइ पेश भएकोले बाँकी ५० Kg आलु वितरणको भर्पाइ पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३,५००

५७ **प्रत्यक्ष खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२५ लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । खरिद भएका सामाग्री पाम्समा दाखिला समेत भएका छैन् । सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा एकै प्रकृतिका खरिद र एकै व्यवसायीबाट तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने व्यवस्थाको पालना नगरी पालिकाले निम्नानुसार खरिद गरेको अनियमित रु.

गो.भौ.नं.-मिति	खरिद/कार्य	भुक्तानी रकम	कैफियत
नगरपालिका पूँजिगत			
५-२०७९/७/४	फर्निचर खरिद	६००००	
११-२०७९/८/९	डेल ल्यापटप ५४१०-आई ७ -११ जेन १ पिस डेल भोष्ट्रो ३४०० आई ५-११ जेन २ पिस	३९४४८३	
१२-२०७९/८/९	फर्निचर खरिद	४६४३९८	
१३-२०७९/८/९	फर्निचर खरिद	२४०७९९	
१४-२०७९/८/९	फर्निचर खरिद	४६००९५	
१५-२०७९/८/९	फर्निचर खरिद	१९४५०८	
१६-२०७९/८/९	मोवाइल खरिद one plus Nord 2T 5G (12/256)	७५०००	
१६-२०७९/८/९	डेक्सटप कम्प्यूटर प्रिन्टर लगायतका विविध इलेक्ट्रोनिक सामाग्री	४०११३६	
५३-२०७९/११/५	फर्निचर खरिद	५५४२७	
१६३-२०७९/१२/१९	इन्भटरको व्याट्री खरिद	४६९५१५	
१६४-२०७९/१२१९	फर्निचर खरिद	१८५६१६	
१६५-२०७९/१२/२०	डेक्सटप कम्प्यूटर प्रिन्टर लगायतका विविध इलेक्ट्रोनिक सामाग्री	२०७९८०	
४४८-२०८०/२/२३	डेक्सटप कम्प्यूटर खरिद	९१३६०	
५०५-२०८०/३/१३	फर्निचर खरिद	३३०६०५	
५२७-२०८०/३/१९	ल्यापटप खरिद HP Victus I5 -FA0031 Gaming Core I5-12450H	१२००००	पाम्समा दाखिला गरी प्रमाण पेश हुनु पर्ने
५४१-२०८०/३/२२	शिव मन्दिर पूर्णता र घेराबार निर्माण साथै घिन्छाप महिला सामुदायिक भवन निर्माण	७८८८३२	
न.पा.स्वास्थ्य पूँजिगत			
४-२०८०/३/२१	फर्निचर खरिद	३१०९८७	पाम्समा दाखिला गरी प्रमाण पेश हुनु पर्ने
प्रदेश सरकारबाट हस्तान्तरित			
७-२०७९/१२/२८	डल्लेआँप बाटुकी गण्डकी पुल मोटरबाटो रामपुर ३	९४६६११	
१५-२०८०/२/२२	बहखोलाबाट गचौदिहुँदै चनमते चौपारीसम्म मोटरबाट स्तरोन्नती रामपुर ७	९६३७३२	
२६-२०८०/३/२३	आयुर्वेद औषधालयको नयाँ भवनमा कार्यालय व्यवस्थापन खर्च- विविध सामाग्री	२३७३८५	
२७-२०८०/३/२३	आयुर्वेद औषधालयको नयाँ भवनमा कार्यालय व्यवस्थापन खर्च-फर्निचर खरिद	२०९००२	पाम्समा दाखिला गरी प्रमाण पेश हुनु पर्ने

२८-२०८०/३/२३	आयुर्वेद औषधालयको नयाँ भवनमा कार्यालय व्यवस्थापन खर्च - विविध सामाग्री	२३०५६५	
२९-२०८०/३/२३	आयुर्वेद औषधालयको नयाँ भवनमा कार्यालय व्यवस्थापन खर्च - विविध सामाग्री	११८७६३	
जम्मा		**७५५६७९९**	

अनियमित भएको	७५,५६,७९९

५८ **रातामाटा ढकाल चौतारी सम्म मोटरबाटो कालोपत्रेः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले रातामाटा ढकाल चौतारी सम्म मोटरबाटो कालोपत्रे गर्ने कार्यको लागी रु ५८८३६१३.९१ को लागत अनुमान सहित मिति २०७८।११।३० मा सम्झौता गरि मिति २०७९।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी कार्य प्रारम्भ गरेकोमा तोकिएको समयमा निर्माण सम्पन्न हुन नसक्दा मिति २०७९।०३।०७ को कार्यपालिका बैठकले सो आयोजनाको म्याद थप गरी आर्थिक बर्ष २०७९।८० मा क्रमागत योजनाको रुपमा राखेको पाईयो । नगरपालिकाले निर्माण उपभोक्ता समितिलाई गो.भौ. नं ३८५/२०७९।०१।०८ बाट पेश्की वापत रु १५०००००.०० भुक्तानी गरेकोमा पुनः मिति २०७९।०३।२१ गो.भौ. नं ६५४ बाट प्रथम रनिङ्गबिल वापत रु २७३३४५३.२५ भुक्तानी गर्दा पेश्की कट्टि गरी बाकी रु १२३३४५३.२५ भुक्तानी गरेको देखियो । उपभोक्ता समितिलाई भुक्तानी गर्दा कुनै प्रकारको कट्टि नगरी भुक्तानी गरेको र सो भुक्तानीको बिल भरपाई समेत भुक्तानी भौचरमा समावेस गरेको देखिएन । उपभोक्ता समितिको निर्माण कार्यको नापजाँच नगरपालिकाले गर्नु पर्ने र सो अनुसारको बिल भरपाई उपभोक्ता समितिले नगरपालिकामा पेस गरि नियमानुसार कट्टि गर्नु पर्ने कट्टि रकम घटाई भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन । निर्माण उपभोक्ता समितिले मिति २०७९।०३।२१ मा भुक्तानी प्राप्त गरी कार्यालयको सम्पर्कमा नआएको र पटक पटक पत्राचार गर्दा समेत जवाफ पेस नगरी सम्पर्क विहिन भएको पाईयो । आयोजनाको म्याद थप सम्बन्धमा कुनै निर्णय भएको नदेखिदाँ सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पूर्व निर्धारित क्षतिपूर्ती लिई काम टुङ्ग्याउने पर्दछ । साथै यसरी रनिङ्ग बिल वापतको रकम भुक्तानी लिई सम्पर्क विहिन हुने उपभोक्ता समिती र सो समितीका पदाधिकारीलाई सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कारवाही गरी निर्माण कार्यको टुङ्गो लगाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **परामर्स तथा डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	खर्च रकम
धर्मोदय दशावतार बलान दश धाम गुरु योजना	वस्तुशिल्य आर्किटेक्स एण्ड विल्डर्स प्रा.लि.	२९७०९९
बसपार्कको IEE को प्रतिवेदन	म्यापर्स हब इन्जिनियरिङ्ग प्रा.लि	३९७६१६
O&M सर्वे	इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि.	४७३४७०
आइइ सम्बन्धि खर्च	सिंह टेक इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि	४९७७०८
सेवा परामर्श सेवा खर्च	गरुडा इन्फ्रा टेक इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि	४९७५७७
MTMP को पहिला किस्ता	अल्फा डिजाईन एण्ड डेभलपमेन्ट प्रा.लि.	२३८६५६
औद्योगिक ग्रामको IEE	निर्भाना अल्ट्राटेक ईन्जिनियरिङ्ग सोलुसेन्स प्रा.लि.	२९८००७
डिजिटल नागरिक वडापत्र	फोर जी इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.	१९८७६७०
सेवा परामर्श सेवा खर्च	अल्फा डिजाईन एण्ड डेभलपमेन्ट प्रा.लि.	३१८२०८
लक्ष्मी नारायण तथा वडा कार्यालय भवनको Structural analysis and architecture drawing	राम्चे मल्टिपर्पोज कन्सल्टेन्सि प्रा.लि.	४५२००
सेवा परामर्श सेवा खर्च	बुटवल ईन्जिनियरिङ्ग प्रयोगशाला प्रा.लि.	३६६१२
वेभमा आधारित दर्ता चलानी र सिफारिस सफ्टवेयर निर्माण तथा खरिद	क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा.लि	४७५०००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६० **शर्त सहितको जमानतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्योंल गरेर मात्र लिनु पर्ने हुन्छ । शर्त सहितको कार्य सम्पादन जमानत तथा पेश्की जमानतका आधारमा सो जमानतको दावी माग गर्दा त्यस्तो जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो जमानतमा राखेको त्यहि शर्तका आधारमा दावी दिन नमिल्ने व्यहोरा सहित जानकारी दिने गरेको देखिन्छ । पालिकाले देहायका ठेक्काहरुमा सम्झौताका बखत पेस गरेका कार्यसम्पादन जमानत र पेश्की भुक्तानी गर्दा पेस गरेका पेश्की जमानतमा सर्त सहितको जमानत लिएको देखिँदा सम्झौताको विड डकुमेन्ट बमोजिमको फर्म्याटमा बैंक जमानत लिई सम्झौता गर्नु पर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार रहेका छन्:

सि.नं	ठेक्का नं	निर्माण व्यवसायी	जमानत	रकम	सर्त
1	२०७९/८०-८०	एजमी मायरा कन्सट्रक्सन	कार्य सम्पादन	८१००००	notwithstanding anything stated above …….
2	२०७९/८०/०९	साईबाबा कन्सट्रकन्सन	कार्य सम्पादन	२१७९९९	
3	२०७९/८०/३४	कन्चन कन्सट्रक्सन	कार्य सम्पादन	१२४०००	
4	२२०७९/८०/२९	गण्डकी भ्याली कन्सट्रक्सन	कार्य सम्पादन	१११००००	
5	२०७९/८०-०३	के.एन. विल्डर्स	कार्य सम्पादन	२४९९००	
6	२०७९/८०/०४	के.एन. विल्डर्स	कार्य सम्पादन	१८३५००	
7	२०७९/८०/०५	के.एन. विल्डर्स	कार्य सम्पादन	२३८०००	
8	२०७९/८०/२३	गण्डकी भ्याली कन्सट्रक्सन	पेश्की	३०००००	म्याद थप गरी मिति २०८०/६/३० मा पे.फ.
9	२०७९/८०/२२	गण्डकी भ्याली कन्सट्रक्सन	पेश्की	६०००००	

सैद्धान्तिक बेरुजु

६१ **बीमा नगराएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न निर्माण कार्यको वीमा नै नगराइ निर्माण कार्य गराएको तथा पेश्की रकम उपलब्ध गराएको पाईयो।वीमा गर्ने प्रयोजनको लागी सम्झौताको वि.ओ.क्यू.मा रकम विनियोजन गरेकोमा समेत वीमा गरेको पाईएन । यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ आयोजनाले ध्यान दिनुपर्दछ ।

सि नं	ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम	वीमा रकम
१	२०७९/८०/३४	कंचन कन्सट्रक्सन	१५३६८२४.६९	७५९८.२
२	२०८९/८०/०६	एज्मी कन्सट्रक्सन	५३५४८४१.८८	४७४७८.७८
३	२०८९/८०/२९	रातामाटादेखी जीरो सम्म	५२६४९९९.५४	३०९००
४	२०८९/८०/२२	गण्डकीभ्याली कन्सट्रक्सन	६९६९६२३.५८	३८५७३.७३

सैद्धान्तिक बेरुजु

६२ **उन्नतीपथ तथा गोदाम चौतारी कालोपत्रेः**

उन्नतीपथ तथा गोदाम चौतारी कालोपत्रे सडक निर्माणको लागी कार्यालयले प्रकाशन गरेको सुचना बमोजिम परेका टेण्डरहरु र सोको मुल्याङ्कन गर्दा न्यूनता मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाताको रुपमा रु १४९३७७७.३४ कवोल गर्ने निर्माण व्यवसायी श्री पारस बिल्डर्स छनौट भएको पाईयो । कार्यालयले नजि निर्माण व्यवसायीलाई कानून बमोजिम सम्झौता गर्न आउन पत्र पठाए पनि सम्झौता गर्न नआएको हुदा रु १५३६८२४.६९ कवोल गर्ने दोस्रो घटी बोलपत्रदाता श्री कंचन कन्सट्रक्सन सँग २०८०/०२/२३ मा सम्झौता गरेको छ । सो ठेक्कामा प्रथम घटि कवोल कर्ता निर्माण व्यवसायीको विड वोण्ड वापतको रु ४९०००.०० मिति २०८०।०२।१४ मा नगरपालिकाको आन्तरिक राजश्व खतामा जम्मा गरी च.नं २९७५, मिति २०८०।०२।१२ मा सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाई कालो सुचिमा राख्न सिफारिस सहित पत्र पठाएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयले लेखापरीक्षण अवधी सम्म पनि निज निर्माण व्यवसायीलाई कालोसुचिमा राखेको जानकारी प्राप्त भएको देखिएन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३(१)ख. बमोजिम न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्रही बोलपत्रदाता सम्झौता गर्न नआएमा १ वर्ष देखी ३ वर्ष सम्म

कालोसुचीमा राख्न सकिने व्यवस्था रहेकोमा सोको जानकारी पठाउदा समेत कारवाही गरेको देखिन नआएको हुदा ऐन तथा नियमको पालना तर्फ सम्बन्धित निकायको समेत विशेष ध्यान जानु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६३ **रातामाटा देखी जीरो सम्म जोड्ने सडकः**

रातामाटा देखी जीरो सम्म जोड्ने सडक निर्माणको लागी श्री कंचन कन्सट्रक्सनसँग २०७९/११/२५ मा मूल्य अभिवृद्धि कर समेत रु. ५२६४९९९.५४ मा सम्झौता गरेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।

६३.१ **फरक उचाईमा बेसकोर्सः** विभागद्धारा जारी Standard Specification for Road and Bridge Works, 2073 अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ । कार्यालयले यस रातामाटा देखी जिरो सम्म कालोपत्रे कार्यको लागी वेसकोर्सको उचाई ०.१० मि. राखी Detail Quantity estimate गरेकोमा नापी कितावमा वेसकोर्सको उचाई ०.०५ मि. देखी ०.१२ मि. सम्म राखी भुक्तानी गरेको पाईयो । वेसको मोटाई ०.१० मी. मा हुनुपर्नेमा अझ कतिपय स्थानमा 0.०५ मी. मोटाईसम्म वेस गरेको छ । स्पेसिफिकेशन बमोजिम घटी उचाईमा वेश गरेको भुक्तानी दिन नमिल्ने हुँदा सो सम्बन्धमा निर्क्यौल गरी चे.नं. ०+५५० को विभिन्न स्थानहरुमा तोकिएको भन्दा घटी उचाईमा गरिएको वेशकोर्सको कामलाई स्पेसिफिकेशन र लागत अनुमानमा राखेको उचाई अनुसारको हुनेगरी कार्य गराउनु पर्ने हुदा तोकिएको भन्दा घटी उचाईमा भएको २८४.०४ घनमिटर वेसकोर्सको गुणस्तर र स्थायित्वको सम्बन्धमा ध्यान दिएर मात्र निर्माण कार्य गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३.२ **वेश कोर्ष कार्य:** विभागद्धारा जारी Standard Specification for Road and Bridge Works, 2073 अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ । रातामाटा देखी जिरो सम्म कालोपत्रे गर्ने कार्यमा निर्माण व्यवसायी श्री कंचन कन्सट्रक्सन लाई कुल ६६३ मिटर लम्बाईमा २८४.०४ घनमिटर बेसकोर्स राखेको पाईयो । बेसकोर्स राखीसके पछी प्राइमकोट र ट्याककोटको कार्य लामो समयसम्म नभएकोमा वेश कोर्ष कार्यालयले वेसकोर्स वापत रु ११०७७५६.०० को मूल्य अभिवृद्धि कर समेत रु १२५१७६४.२८ भुक्तानी गरेको छ । बेस कोर्स गरी लामो समय त्यत्तिकै छोड्दा बेस कोर्स कार्यको गुणस्तरमा ह्रास आउने देखिएकोले उक्त कार्यको यथाशीघ्र प्राविधिक अनुगमन गरी निर्धारित मापदण्ड अनुरुप भए, नभएको यकिन गरी नभएकोमा देखिएको त्रुटि सच्याउन लगाएर मात्र कालोपत्रे कार्य गर्न, गराउन कार्यालयले विशेष ध्यान दिनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

६४ **वेश कोर्ष कार्य:**

विभागद्धारा जारी Standard Specification for Road and Bridge Works, 2073 अनुसार गुणस्तरीय तथा दिगो सडक निर्माण हुनुपर्दछ । मोहन भट्टराईको घर देखी तुरुन्दी खोला सम्म कालोपत्रे गर्ने कार्यमा निर्माण व्यवसायी श्री एज्मी कन्सट्रक्सन लाई कुल ४५० मिटर लम्बाईमा २७६.११ घनमिटर बेसकोर्स राखेको पाईयो । बेसकोर्स राखीसके पछी प्राइमकोट र ट्याककोटको कार्य लामो समयसम्म नभएकोमा वेश कोर्ष गरी रु १३३५५५०.०० को मूल्य अभिवृद्धि कर समेत रु १५०९१७१.५० भुक्तानी गरेको छ । बेस कोर्स गरी लामो समय त्यत्तिकै छोड्दा बेस कोर्स कार्यको गुणस्तरमा ह्रास आउने देखिएकोले उक्त कार्यको यथाशीघ्र प्राविधिक अनुगमन गरी निर्धारित मापदण्ड अनुरुप भए, नभएको यकिन गरी नभएकोमा देखिएको त्रुटि सच्याउन लगाएर मात्र कालोपत्रे कार्य गर्न, गराउन कार्यालयले विशेष ध्यान दिनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

६५ **दोहोरो भुक्तानीः**

लाङ्टाङ्ग गैलुङ्ग लिफ्टिङ्ग खानेपानी योजनाको लागी मिति २०७८।०१।०५ मा निर्माण व्यवसायी श्री ब्रदर्स कन्ट्याक्टिङ्ग एण्ड कन्सट्रक्सन प्रा.ली. सँग कवोल रकम रु ६२३७८२८.६१ मा सम्झौता भएको छ । निर्माण कार्यवापत यस आर्थिक वर्षमा अन्तिम विल

भुक्तानी गर्दा सम्म रु ६५५७९७४.०० भुक्तानी भएको कार्यालयको अभिलेखबाट देखिएको छ, तर अन्तिम विल भुक्तानीको नापी किताव अनुसार यस आयोजनाको कार्य सम्पन्नमा रु ६०८३३६१.५५ को मात्र निर्माण कार्य भएको देखिएको छ । वास्तविक कार्य भन्दा रु ४७४६१२.४५ बढी हुने गरी सो निर्माण व्यवसायीलाई भुक्तानी भएकोमा आर्थिक वर्ष २०७८।७९ मा बढी भुक्तानी वापत रु ३६०१३.५० निज निर्माण व्यवसायीले कार्यालयको राजश्व खातामा दाखिला गरेको पाईयो । बढी भुक्तानी भएको रकम मध्ये दाखिला गराएको रकम घटाई बाँकी रहेको बढी भुक्तानी देहाय अनुसारको रकम रु ४३८५९९.०५ निज निर्माण व्यवसायीबाट असुल गरी दाखिला हुनु पर्ने रु.

गो भौ नं	**रनिङ्ग विल**	**रकम**
२७०/२०७८/०३/१७	प्रथम	१३८७०३७
३५४/२०७८/०३/२९	दोस्रो	१५२७५५६
४०/२०७८/०९/३०	तेस्रो	२१४३३९१
५४८/ २०८० / ०३ / २२	चौथो	१४९९९९०
जम्मा		६५५७९७४
कार्य सम्पन्न अनुसारको रकम		६०८३३६१.५५
बढी भुक्तानी		४७४६१२.४५
बेरुजु दाखिला भएको		३६०१३.५
बाकी रकम		**४३८५९८.९५**

असुल गर्नुपर्ने	४,३८,५९९

६६ **वडा नं ३, ७ र ८ को कार्यालय भवन निर्माणः**
वडा नं ३, ७ र ८ को कार्यालय भवन निर्माणको लागी विभिन्न तिन वटा अलग अलग बोलपत्र आह्वान गरि खरिद सम्झौता गरेकोमा निर्माण व्यवसायी के.एन.विल्डर्सले सो तीन वटै बोलपत्रमा न्यूनतम रकम कवोल गरेको हुदा सोही निर्माण व्यवसयी सँग सम्झौता गरि निर्माण कार्य भई रहेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा देहाय अनुसार छन ।

६६.१ यस नगरपालिकाको वडा नं ३,७ र ८ मा वडा कार्यालय निर्माण गर्नको लागी कार्यालयले प्रकासन गरेको सुचना अनुसार पेस गरेको बोलपत्रमा न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राहीका रुपमा तीन वटै बोलपत्रमा एउटै निर्माण व्यवसायी श्री के.एन. विल्डर्सको वोलपत्र स्वीकृत भएको छ । यस कार्यको लागत अनुमान तथा सम्झौता रकम देहाय अनुसार रहेका छन ।

ठेक्का नं	**निर्माण व्यवसायी**	**लागत अनुमान**	**सम्झौता रकम**	**सम्झौता मिति**	**सम्पन्न मिति**
२०७९/८०/०३	के.एन. विल्डर्स	३२४७०४४.९	२५११४३०.१७	२०७९।०९।०३	२०८०।०१।१५
२०७९/८०/०४	के.एन. विल्डर्स	३२४०७९०.६३	२६५३१६१.७५	२०७९।०९।०३	२०८०।०१।१५
२०७९/८०/०५	के.एन. विल्डर्स	३२४७०४४.९	२५३७८५६.४६	२०७९।०९।०३	२०८०।०१।१५

सैद्धान्तिक बेरुजु

६६.२ **पुर्व निर्धारित क्षतिपुर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ती तिर्नु पर्ने व्यवस्था गरेको छ । निर्माण व्यवसायी के.एन. विल्डर्सले सम्झौतामा तोकिएको कार्य सम्पन्न गर्ने अवधी मिति २०८०।०१।१५ सम्म सम्झौतामा तोकिएको निर्माण कार्य सम्पन्न गर्न नसकेको र निज निर्माण व्यवसायीले म्याद थपको लागी समेत लेखापरीक्षण अवधी सम्म निवेदन पेश गरेको पाईएन । कार्यालयले तीन पटक सम्म निर्माण कार्यमा ढिलाई हुनुको कारण सहित लिखित जवाफ माग गरेकोमा निर्माण व्यवसायीको

तर्फवाट कुनै जवाफ पेस भएको समेत पाईएन । निर्माण व्यवसायीले समयमा निर्माण सम्पन्न गर्न नसक्नुमा निर्माण व्यवसायीकै कारण देखिन आएको हुदा देहायका निर्माण कार्य वापत नियमावलीको व्यवस्था अनुसार पुर्वनिर्धारित क्षति पुर्ती असुल गरी निर्माण कार्य सम्पन्न गर्नु पर्ने रु.

ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता रकम (मु अ कर बाहेक)	सम्पन्न गर्नु पर्ने मिति	सम्झौताको १०% ले हुने रकम
२०७९/८०/०३	के.एन. विल्डर्स	२२२२५०४.५८	२०८०।०१।१५	२२२२५०.४६
२०७९/८०/०४	के.एन. विल्डर्स	२३४७९३०.७५	२०८०।०१।१५	२३४७९३.७५
२०७९/८०/०५	के.एन. विल्डर्स	२२४५८९८.७४	२०८०।०१।१५	२२४५८९.८७
जम्मा				**६८१६३४.०८**

असुल गर्नुपर्ने	६,८१,६३४

६६.३ **पेश्की जमानत बीना पेश्की भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) अनुसार पेश्की रकम खाम्ने गरी र निजले सम्झौता बमोजिम काम नगरेमा सो निकायले अनुरोध गरेमा तत्काल त्यस्तो निकायलाई भुक्तानी गर्ने गरी वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत लिनु पर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्यौंल गरेर मात्र लिनु पर्ने हुन्छ । शर्त सहितको कार्य सम्पादन जमानत तथा पेश्की जमानतका आधारमा सो जमानतको दावी माग गर्दा त्यस्तो जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो जमानतमा राखेको त्यहि शर्तका आधारमा दावी दिन नमिल्ने व्यहोरा सहित जानकारी दिने गरेको देखिन्छ । यस कार्यालयले देहायका निर्माण कार्यमा पेश्की जमानत विना नै पेश्की भुक्तानी गरेको पाईयो । भुक्तानी भएको पेश्की रकम निर्माण कार्यको प्रथम रनिङ्ग बिलबाट कट्टि गरिएको भए तापनि यसरी जमानत वीना नै पेश्की दिने कार्यमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

सि.नं	ठेक्का नं	निर्माण व्यवसायी	रकम	पेश्कीको अवस्था
१	२०७९/८०-०३	के.एन. विल्डर्स	२५११४३	पेश्की फर्स्यौट भएको
२	२०७९/८०/०४	के.एन. विल्डर्स	२५३७८५	पेश्की फर्स्यौट भएको
३	२०७९/८०/०५	के.एन. विल्डर्स	२६५३१६	पेश्की फर्स्यौट भएको
जम्मा			**७७०२४४.**	

सैद्धान्तिक बेरुजु

६६.४ **रित पुर्वकको कर विजकः** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका फर्म सँग तोकिएको ढाँचाको कर बिजक लिई खरिद गर्नु पर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पुर्वकको कर बिजक नलिई कर बिजकमा हाले बिजक नम्बर लेखेको तथा लगत्तै आउने अर्को नम्बरको कर बिजक फरक रंगको राखेको आधारमा समेत निर्माण व्यवसायीलाई भुक्तानी दिएको पाईयो । यसरी ऐनले तोकेको ढाँचाको कर बिजक बेगर मूल्य अभिबृद्धि कर समेत भुक्तानी भएको हुदा देहाय बमोजिमको भुक्तानीको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.

सि.नं	निर्माण व्यवसायी	विजकको रकम	मु अ कर	कैफियत
१	के.एन. निर्माण सेवा	१७३७११६.०९	१९९८४५.२१	विजक नं २० लाई केरमेट गरी १० बनाएको
२	के.एन. निर्माण सेवा	१४०३७८४.७	१६१४९७.३५	विजक नं १० भन्दा फरक रंगको विजक भएको विजक नं ११ पेश गरेको ।
जम्मा			**३६१३४२.५६**	
कट्टी भएको			**१०८४०२.८**	
बाँकी रकम			**२५२९३९.७६**	

प्रमाण पेश नगरेको	२,५२,९३९

६७ **मिलन चोकबाट गौसाला जोड्ने सडकः**

मिलन चोकबाट गौसाला जोड्ने सडक निर्माणको लागी श्री राम्चे मल्टिप्रपोज प्रा.ली. सँग २०७९/१०/१८ मा मूल्य अभिवृद्धि कर समेत रु. १६१४८०४.३७ मा सम्झौता गरेको छ । सो ठेक्कामा अन्तिम विल सम्म भेरिएसन समेत रु.१६,१३,९०४.८० खर्च लेखेको छ । सो ठेक्का सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन् ।

६७.१ **ट्याक कोटको बढी भुक्तानीः** सडक विभागबाट जारी भएको स्ट्याण्डर्ड स्फेसिफिकेशन फर रोड एण्ड ब्रिजमा कालोपत्रे गर्दा प्रति वर्ग मिटर ०.६ लिटरका दरमा ट्याककोट राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले यस सडक निर्माण कार्यमा कुल १४० मिटर लम्बाईमा ५.९ मिटर चौडाईमा हुने कुल ८२६ वर्गमिटरमा प्रति वर्गमिटर ०.७ का दरले ५७८.२ लिटरको भुक्तानी दिएको पाईयो । तर स्ट्याण्डर्ड स्फेसिफिकेशन फर रोड एण्ड ब्रिजले तोकेको दर ०.६ लि. प्रति वर्गमिटरले राख्दा ४९५.६ लिटर मात्र हुनेमा ८२.६ लिटर बढी हुने गरी भुक्तानी गरेको हुदा प्रति लि रु २३० का दरले हे रकम रु १८९९८.०० र सोको मुल्य अभिवृद्धि कर समेत रु २१४६७.७४ सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	२१,४६७

६७.२ **बेसको बढी भुक्तानीः** कार्यालयले मिलन चोकबाट गौसाला जोड्ने सडकमा कुल १५० मिटर लम्बाईमा कालोपत्रे गर्ने गरी लागत अनुमान स्वीकृत गराएकोमा सब बेस तथा बेस कोर्सको कार्य १५० मिटरमै भएको पाईयो । तर बेस कोर्स राखीसकेपछी कालोपत्रेको कार्य १४० मा गरेको देखिन्छ । स्ट्याण्डर्ड स्फेसिफिकेशन फर रोड एण्ड ब्रिजले बेसकोर्स राखीसकेपछी २२ दिन भन्दा बडी समय भन्दा बढी समय छाड्न नहुने उल्लेख गरेको छ । कार्यालयले बेसकोर्सको भुक्तानी दिएर सो भन्दा माथीको निर्माण कार्य गरेको नदेखिदा सो १४० भन्दा माथीको १० मिटर लम्बाईमा राखेको बेस कोर्सको भुक्तानी दिन सकिने अवस्था देखिदैन । यसरी सो बढी भएको १० मिटर लम्बाईमा राखेको 5.३६ घ.मी. को प्रति घ.मी. रु ४५८० ले हुने रु २४५४८.५० र सो को मुल्यअभिबृद्धि कर समेत हुने रु २७७४०.१४ ले थप व्ययभार पारेको रु.

अनियमित भएको	२७,७४०

६७.३ **बेस र प्राईमकोटको बढी भुक्तानीः** सडक निर्माणमा कालोपत्रे गर्दा सबबेस राखि सकेपछी सोल्जरको लागी स्थान राखी बेसकोर्स राख्ने र सो बेस कोर्समाथी प्राईम तथा ट्याककोट राखी कालो पत्रे गर्नु पर्दछ । कुनै स्थानमा बाटोको अवस्थाका कारण सोल्जरको भाग नछोडी पुरै भागमा कालोपत्रे गर्नु पर्ने अवस्था पनि हुन्छ । कार्यालयले निर्माण गरेको यस सडक खण्डमा औषतमा ७.०१२५ मिटर चौडईमा बेसकोर्स राखेकोमा कालोपत्रे गर्दा ५.८ मिटर चौडाईमा गरेको देखियो । यसरी बेसकोर्स तथा प्राईमकोट राखी सकेको स्थानमा समेत कालोपत्रे नगरी छाड्नु उपयुक्त देखिएन । यसरी कुल १४० मिटर लम्बाईमा १.२१ मिटर चौडाईमा ०.०८ मि. उचाईले हुने १३.५५ घ.मी. को प्रति घनमिटर रु ४५८० ले हुने रु ६२०५९.०० बरारको बेसकोर्स र १६९.४ वर्ग मिटरमा प्रति वर्गमिटर ०.९ लिटरका दरले हुने १५२ लिटर प्राईमकोटको प्रति लिटर रु ३१० ले हुने रु ४७१२०.०० समेत रु १०९१७९.०० को भुक्तानी नियम सम्मत

https://nams.oag.gov.np

देखिएन । यसरी बेसकोर्स र प्राईमकोट गरी छाडेको क्षेत्रफलमा भएको भुक्तानी दिन मिल्ने नदेखिदा भुक्तानी भएको रु १०९१७९.०० र सोको मुल्य अभिबृद्धि कर समेत हुने रु १२३३७२.२७ को भुक्तानी नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	१,२३,३७२

६८ **सहिदपार्क दध्रान हुदै सिखर पद सम्म कालोपत्रे मा ट्याककोटको स्प्रे दरः**

सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । नगरपालिकाले सहिदपार्क दध्रान हुदै सिखर पद सम्म कालोपत्रे कार्यको सम्झौतामा ट्याक कोट प्रति वर्ग मीटर ०.७० लि. का दरले राखेको पाईयो । निर्माण उपभोक्ता समितिले अन्तिम रनिङ्ग बिल सम्म ७४९ लिटर ट्याककोटको प्रयोग गरि सकेको नापी किताबमा उल्लेख गरेको छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार राख्ने हो भने सो परिमाण ६४२ लिटर हुन आउछ । स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत ०.७ लिटरका दरमा छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी दरमा ट्याक कोटको प्रयोग गर्दा १०७ लिटर बढी खपत भएको जनाई प्रति लिटर रु १७१.६९ का दरले रु १८३९०.०० थप व्ययभार पारेको छ । निर्माण उपभोकता समितिलाई स्फेसिफिकेशनले तोकेको भन्दा बढी भएको परिमाण वापतको भुक्तानी रु १८३९०.०० सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१८,३९०

६९ **एम्बुलेन्स खरिदः**

रामपुर नगरपालिकाको गेझा स्वास्थ्य चौकीको लागी एक थान एम्बुलेन्स खरिद गर्नकोलागी स्वास्थ्य चौकिबाट माग भए बमोजिम खरिद प्रकृया अगाडी बढाएको पाईयो । यसका लागी श्री अग्री ईन्कर्पोरेटेड प्रा.ली. बिच मिति २०७९/०९/२७ भित्र आपुर्ति गर्ने गरी कवोल रकम रु २०१००५०.०० मा मिति २०७९।०५।२७ मा सम्झौता भएको छ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन ।

६९.१ **खरिद प्रकृयाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(३) मा कुनै मालसामान, निर्माण कार्य वा सेवाका विशेषताहरु बुझिनेगरी उल्लेख गर्ने अर्को कुनै उपाय नभएको अवस्थामा बाहेक कुनै खास ब्राण्ड, ट्रेडमार्ग, नाम पेटेण्ड, डिजाइन, प्रकार, उत्पत्ति वा उत्पादकको नाम उल्लेख गर्न नसकिने व्यवस्था छ । कार्यालयले एम्बुलेन्स खरिदको लागी मिति २०७९।०३।१० मा सार्वजनिक सुचना प्रकासन गरी बोलपत्र आह्वान गरेको पाईयो । कार्यालयले सार्वजनिक सुचना प्रकाशन गर्नु भन्दा अगाडी नै च.नं. २०६४ मिति २०७८।१२।२२ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्र पठाई एक थान महिन्द्रा कम्पनीको ख वर्गको एम्बुलेन्स खरिद गर्न लागेकोले हेल्थ एसिस्टेन्ट पठाई दिनु हुन अनुरोध गरेको पाईयो । साथै सो सुचना प्रकाशन हुन भन्दा अगाडीनै मन्त्रालयमा पत्र लेखी सोही कम्पनीको एम्बुलेन्सको लागी भन्सार छुटको सिफारिस समेत बनाईदिन अनुरोध गरेको छ । सुचना प्रकाशन गरी बोलपत्र पेश गर्दा सोही कम्पनीको मात्र बोलपत्र परेको स्वीकृत समेत भएको देखिदा स्फेसिफिकेसन बनाउदा सो कम्पनीको लागी मात्र मिल्ने गरी बनाएको स्पष्ट हुन्छ । यसरी प्रतिस्पर्धा सिमित हुने गरी सुचना प्रकाशन गर्ने र खरिद गर्ने कार्य सार्वजनिक खरिद ऐन तथा नियमावलीको विपरित देखिन्छ । प्रतिस्पर्धा सिमित हुने गरी सार्वजनिक सुचना माग गर्नु भन्दा अगाडी कुनै एउटा कम्पनीलाई तोकेर सिफारिस पत्र बनाएर भन्सार छुटको पत्र माग गर्ने र जनशक्ती माग गर्ने कार्य गरी सोही मात्रमा माग सिफारिस माग गरेको कम्पनी बाट खरिद गरी भुक्तानी गरेको रु २०१००५०.०० खरिद सम्बन्धी कानूनको विपरित देखिन्छ । कार्यालयले खरिद कार्यमा प्रतिशप्रधा हुने तरिकाले खरिद कार्य गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६९.२ **पुर्व निर्धारित क्षतिपुर्तीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा आपुर्तिकर्ताको ढिलाईको कारण खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक नियकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रति दिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ती तिर्नु पर्ने व्यवस्था गरेको छ । आपुर्ति

कर्ताले मिति २०७९।०५।२७ मा भएको सम्झौतामा को बुदा नं ६ “च” मा एम्बुलेन्स खरिदको लागी लाग्ने रकम पेश्की स्वरुप सुरुमै भुक्तानी गर्नु पर्ने तथा सम्झौताको बुदा नं ६ को “क” मा सम्झौताका सर्तहरु दुवै पक्षले पुर्ण रुपमा पालना गर्नु पर्न उल्लेख गरेको छ । सोही सम्झौतामा आपुर्ती गर्ने मीति २०७९।०९।२७ राखिएको हुदा सो मिति भित्र आपुर्ति कर्ताले एम्बुलेन्स आपुर्ति गरि सक्नु पर्ने देखिन्छ । आपुर्ति कर्ताले दिएको डेलिभरी पत्रमा मिति २०८०।०२।०५ रहेको हुदा सो एम्बुलेन्स तोकिएको मिति भन्दा १३५ दिन ढिला हुने गरी आपुर्ति भएको देखिन्छ । सम्झौता अनुसार र सार्वजनिक खरिद कानून अनुसार ढीला गरी प्राप्त भएको अवधीको पुर्व निर्धारित क्षतिपुर्ति वापत प्रति दिन रु १००५.०९ ले १३५ दिनको हुने रु १३५६८८.०० सम्बन्धित आपुर्ति कर्ताबाट असुल गरी दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	१,३५,६८८

७० **करिडोर लक्ष्मीनारायण मार्ग मोटरबाटो कालोपत्रेः**

कालीगण्डकी करिडोर देखी लक्ष्मीनारायण मन्दिर जाने बाटो कालोपत्रे गर्न निर्माण उपभोक्ता समितिसँग लागत सहभागीता सहित रु ९४६५६४१.१७ मा मिति २०७९।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मित २०७८।१०।१३ मा सम्झौता गरेको छ । सम्झौता अवधीमा निर्माण कार्य सम्पन्न हुन नसकी सो निर्माण कार्यको म्याद मिति २०८०।०२।३० सम्म थप भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन।

७०.१ **बेस नगरेको स्थानमा कालोपत्रे गरेकोः** निर्माण कार्य वापत उपभोक्ता समितिले चे.नं ०+६५० देखी ०+६७५ सम्मको चेनेजमा बेसकोर्स नगरेको भनी नापी गरेको पाईयो । तर सोही चेनेजमा प्राईमकोट, ट्याक कोट र प्रिमिक्स कार्पेट राखेको भनी नापी गरेर भुक्तानी समेत गरेको देखिन्छ । बेसकोर्स नै नगरको स्थानमा प्राईम, ट्याक तथा प्रिमिक्स राख्न मिल्ने अवस्था प्राविधिक दृष्टिले समेत उपयुक्त नदेखिदा सो चेनेजमा राखेको १२८.२५ लिटर प्राईमकोट प्रति लि रु २११.४९ ले हुने रकम रु २७१२३.५९, ट्याककोट ९०.७५ लिटरको प्रति लिटर रु १७१.६९ ले हुने रु १५४७३.५६ र प्रिमिक्स कार्पेट २.५ घनमिटरको प्रति घनमिटर १६८९६.७२ ले हुने रु ४२२४१.८० समेत गरी हुने कुल जम्मा रु ८४८३८.९५ भुक्तानी दिन नमिल्ने हुदा काम नभएको स्थानको भुक्तानी भएको रकमको प्राविधिक पुस्ट्याई पेस हुनु पर्ने रु.

प्रमाण पेश नगरेको	८४,८३८

७०.२ **ट्याककोट गरी छाडेकोः** कार्यालयले राखेको नापी किताब अनुसार कुल ४६५४.०२ वर्ग मिटरमा प्रिमिक्स कार्पेट गरेको देखिन्छ तर नापी किताब अनुसार कालोपत्रे गर्नको लागी ट्याककोट राखेको क्षेत्रफल ४८५२.०२ वर्गमिटर देखिन्छ । ट्याककोट राखेको भागमा मात्रै कालोपत्रे गर्नु पर्नेमा सो भाग समेत छोडेर सो भन्दा घटी क्षेत्रफलमा कालोपत्रे गरेको हुदा सो क्षेत्रफलमा राखेको ट्याककोट १३८.६ लिटरको प्रति लिटर रु १७६.६९ ले हुने रु २३७९३.८३ सम्बन्धीतबाट असुल गरी दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	२३,७९३

७०.३ **ट्याककोटको स्प्रे दरः** सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । योजना कार्यालयले सिन्धुली देखि हेटौडा बजार सम्मको सडक निर्माण कार्यको सम्झौतामा ट्याक कोट प्रति वर्ग मीटर ०.७० लि. का दरले राखेको पाईयो । निर्माण उपभोक्ता समितिले अन्तिम रनिङ्ग बिल सम्म ३४८६.५२५ लिटर ट्याककोटको प्रयोग गरि सकेको नापी किताबमा उल्लेख गरेको छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार राख्ने हो भने सो परिमाण २९८८.४५ लिटर हुन आउछ । स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत ०.७ लिटरका दरमा छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी दरमा ट्याक कोटको प्रयोग गर्दा ४९८ लिटर बढी खपत भएको जनाई प्रति लिटर रु १७१.६९ का दरले रु ८५८१५.०० थप व्ययभार

पारेको छ । निर्माण उपभोकता समितिलाई स्फेसिफिकेशनले तोकेको भन्दा बढी भएको परिमाण वापतको भुक्तानी रु ८५८१५.०० सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	८५,८१५

७०.४ **बेस कोर्स गरेर छाडेकोः** कार्यालयले कुल ९५६ मिटरको लम्बाईमा औषतमा ०.०९८ मिटरको उचाईमा कुल ५३१.१० घ.मी. बेसकोर्स राखेको र सो आधारमा बेसकोर्ष गरेको क्षेत्रफल ५४१९.३९ वर्ग मिटर देखिन्छ । तर बेस कोर्स गरेको स्थानमै प्राईमकोट राख्नु पर्नेमा केवल ५२०४.३० वर्गमिटरमा मात्र प्राईमकोट राखेको हुदा प्राईमकोट राखेको क्षेत्रफल भन्दा बाँकी क्षेत्रफलमा राखेको वेसकोर्स प्रयोग विहिन भएको देखिन्छ । यसरी २१५.०९ वर्गमिटरमा ०.०९८ मिटरको उचाईमा राखेको २१.०८ घनमिटरको वेस कोर्सले योजनाको लागतमात्र बढाएको तर प्रयोग विहिन भएको हुदा सो वापत प्रति घनमिटर रु ७६७२.१५ का दरले भएको भुक्तानी रु १६१७२८.९२ नियम सम्मत नदेखिएको रु

अनियमित भएको	१,६१,७२८

७१ **देवस्थान सदाबर्त चोक मोटरबाटो कालोपत्रेः**

देवस्थान सदाबर्त चोक मोटरबाटो कालोपत्रे गर्न निर्माण उपभोक्ता समितिसँग लागत सहभागीता सहित रु ७९२२०९८.२० मा मिति २०७९।०२।३० भित्र निर्माण सम्पन्न गर्ने गरी मित २०७८।१०।१३ मा सम्झौता गरेको छ । सम्झौता अवधीमा निर्माण कार्य सम्पन्न हुन नसकी सो निर्माण कार्यको म्याद मिति २०८०।०२।३० सम्म थप भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन।

७१.१ **ट्याककोटको स्प्रे दरः** सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । नगरपालिकाले देवस्थान सदाबर्त चोक मोटरबाटो कालोपत्रे गर्ने कार्यको सम्झौतामा ट्याक कोट प्रति वर्ग मीटर ०.७० लि. का दरले राखेको पाईयो । निर्माण उपभोक्ता समितिले अन्तिम रनिङ्ग बिल सम्म २८३०.४८ लिटर ट्याककोटको प्रयोग गरि सकेको नापी किताबमा उल्लेख गरेको छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार राख्ने हो भने सो परिमाण २४२६.१२४ लिटर हुन आउछ । स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत ०.७ लिटरका दरमा छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी दरमा ट्याक कोटको प्रयोग गर्दा ४०४ लिटर बढी खपत भएको जनाई प्रति लिटर रु १७१.६९ का दरले रु ६९३६२.०० थप व्ययभार पारेको छ । निर्माण उपभोकता समितिलाई स्फेसिफिकेशनले तोकेको भन्दा बढी भएको परिमाण वापतको भुक्तानी रु ८५८१५.०० सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	६९,३६२

७१.२ **बेस कोर्स गरेर छाडेकोः** कार्यालयले कुल ९२२ मिटरको लम्बाईमा ०.१ मिटरको उचाईमा कुल ४९२.५९ घ.मी. बेसकोर्स राखेको र सो आधारमा बेसकोर्ष गरेको क्षेत्रफल ४९२५.९० वर्ग मिटर देखिन्छ । तर बेस कोर्स गरेको स्थानमै प्राईमकोट राख्नु पर्नेमा केवल ४४४५.५० वर्गमिटरमा मात्र प्राईमकोट राखेको हुदा प्राईमकोट राखेको क्षेत्रफल भन्दा बाँकी क्षेत्रफलमा राखेको वेसकोर्स प्रयोग विहिन भएको देखिन्छ । यसरी ४८०.४० वर्गमिटरमा ०.१ मिटरको उचाईमा राखेको ४८.०४ घनमिटरको वेस कोर्सले योजनाको लागतमात्र बढाएको तर प्रयोग विहिन भएको हुदा सो वापत प्रति घनमिटर रु ७६७२.१५ का दरले भएको भुक्तानी रु ३६८५७०.१० नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	३,६८,७५०

७२ **मेसिन प्रयोग गरी खन्ने कार्यमा मान्छे बाट खनेको आधारमा भुक्तानीः**

बोटेगाउँ गण्डकी खानेपानी आयोजनामा रिजर्भ ट्याङ्की निर्माणको लागी माटो खन्ने कार्य वापत मेसिन प्रयोग गरी माटो खन्ने कार्य गरेकोमा भुक्तानी दिदा सो कार्य वापत मान्छेले हातले खनेको जनाई भुक्तानी गरेको छ । निर्माण उपभोक्ता समितिले कुल ३४.६५ घनमिटर माटो खन्ने कार्य मेसिनको प्रयोग गरी खनेकोमा म्यानुअल कार्य जनाई भुक्तानी गरेको छ । मेसिन प्रयोग गरी खनेको कार्यको भुक्तानी प्रति घनमिटर रु ११६.३४ रहेकोमा म्यानुअल खनेको जनाई प्रति घनमिटर रु १४७२.९० का दरले भुक्तानी गरेको पाईयो । मेसिन प्रयोग र म्यानुअल खनेको भुक्तानी बिचको फरक प्रति घनमिटर रु १३५६.५६ का दरले ३४.६५ घनमिटरको कुल रु ४७००५.०० बढी भुक्तानी गरेको पाईयो। यसरी बढी भुक्तानी गरेको रकम सम्बन्धीत उपभोक्ता समिति बाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	४७,००५

७३ **बिजयपुर देखी प्यकलुक सम्म मोटरबाटो कालोपत्रे गर्न सम्मको सडक निर्माणः**

ट्याककोटको स्प्रे दरः सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । नगरपालिकाले बिजयपुर देखी प्यकलुक सम्म मोटरबाटो कालोपत्रे गर्न सम्मको सडक निर्माण कार्यको सम्झौतामा ट्याक कोट प्रति वर्ग मीटर ०.७० लि. का दरले राखेको पाईयो । निर्माण उपभोक्ता समितिले अन्तिम रनिङ्ग बिल सम्म २७९६.८६ लिटर ट्याककोटको प्रयोग गरि सकेको नापी किताबमा उल्लेख गरेको छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार राख्ने हो भने सो परिमाण २३९७.४० लिटर हुन आउछ । स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत ०.७ लिटरका दरमा छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी दरमा ट्याक कोटको प्रयोग गर्दा ३९९ लिटर बढी खपत भएको जनाई प्रति लिटर रु १७१.६९ का दरले रु ६९३६२.०० थप व्ययभार पारेको छ । निर्माण उपभोकता समितिलाई स्फेसिफिकेशनले तोकेको भन्दा बढी भएको परिमाण वापतको भुक्तानी रु ६८५०४.०० सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु

असुल गर्नुपर्ने	६८,५०४

७४ **सहिद बहुमुखी क्याम्पस देखी कालिआप सम्म मोटरबाटो कालोपत्रेः**

सहिद बहुमुखी क्याम्पस देखी कालिआप सम्म मोटरबाटो कालोपत्रे गर्न निर्माण उपभोक्ता समितिसँग लागत सहभागीता सहित रु ७०६००२७.१४ मा मिति २०७९।०२।१५ भित्र निर्माण सम्पन्न गर्ने गरी मित २०७८।०९।२३ मा सम्झौता गरेको छ । सम्झौता अवधीमा निर्माण कार्य सम्पन्न हुन नसकी सो निर्माण कार्यको म्याद मिति २०८०।०२।३० सम्म थप भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन।

७४.१ **ट्याककोटको स्प्रे दरः** सडक विभागबाट प्रकाशित पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ को स्फेसिफिकेसन नं १३०२ मा Bituminous तथा Granular Surface मा ट्याक कोटको स्प्रे दर बढीमा ०.६० लिटर प्रति वर्ग मिटर हुने उल्लेख छ । नगरपालिकाले सहिद बहुमुखी क्याम्पस देखी कालिआप सम्म मोटरबाटो कालोपत्रे कार्यको सम्झौतामा ट्याक कोट प्रति वर्ग मीटर ०.७० लि. का दरले राखेको पाईयो । निर्माण उपभोक्ता समितिले अन्तिम रनिङ्ग बिल सम्म २४२६.९५ लिटर ट्याककोटको प्रयोग गरि सकेको नापी किताबमा उल्लेख गरेको छ । पुल तथा सडक निर्माण सम्बन्धी स्ट्याण्डर्ड स्फेसिफिकेसन, २०७५ अनुसार राख्ने हो भने सो परिमाण २०८०.२३ लिटर हुन आउछ । स्फेसिफिकेसनले प्रति वर्ग मिटर ०.६० लिटर भन्दा बढि हुन नसक्ने भनिएकोमा समेत ०.७ लिटरका दरमा छर्किनु र भुक्तानी दिनु प्राविधिक रुपमा समेत उपयुक्त देखिएन । स्फेसिफिकेसनले तोकेको दर भन्दा बढी दरमा ट्याक कोटको प्रयोग गर्दा ३४६ लिटर बढी खपत भएको जनाई प्रति लिटर रु १७१.६९ का दरले रु ५९४०५.०० थप व्ययभार पारेको छ । निर्माण उपभोकता समितिलाई स्फेसिफिकेशनले तोकेको भन्दा बढी भएको परिमाण वापतको भुक्तानी रु ५९४०५.०० सम्बन्धितबाट असुल गरी दाखिला हुनु पर्ने रु.

असुल गर्नुपर्ने	५९,४०५

७४.२

बेस कोर्स गरेर छाडेकोः कार्यालयले कुल ६८२ मिटरको लम्बाईमा औषतमा ०.०९७ मिटरको उचाईमा कुल ३६४.१० घ.मी. बेसकोर्स राखेको र सो आधारमा बेसकोर्ष गरेको क्षेत्रफल ३७५३.६४ वर्ग मिटर देखिन्छ । तर बेस कोर्स गरेको स्थानमै प्राईमकोट राख्नु पर्नेमा केवल ३६४४ वर्गमिटरमा मात्र प्राईमकोट राखेको हुदा प्राईमकोट राखेको क्षेत्रफल भन्दा बाँकी क्षेत्रफलमा राखेको वेसकोर्स प्रयोग विहिन भएको देखिन्छ । यसरी १०९ वर्गमिटरमा ०.०९७ मिटरको उचाईमा राखेको १०.५७ घनमिटरको वेस कोर्सले योजनाको लागतमात्र बढाएको तर प्रयोग विहिन भएको हुदा सो वापत प्रति घनमिटर रु ७६७२.१५ का दरले भएको भुक्तानी रु ८१०९५.०० नियम सम्मत नदेखिएको रु.

अनियमित भएको	८१,०९५

७५ **आय ठेक्कामा छुटः**

लुम्बिनी प्रदेशको सरकारको आर्थकि ऐन, २०७९ को दफा ८ मा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क सम्बन्धी व्यवस्था गरेको र सो दफा अनुसार अनुसुची -६ व्यवस्था भए अनुसारको दरमा संकलन गर्नु पर्ने व्यवस्था गरेको छ । सो ऐनको अनुसुची -६ मा पहाडी क्षेत्रको लागी ढुंगा गिट्टि बालुवा संकलन गर्न प्रति घन फिट रु ६ तोकिएको छ । ढुंगा गिट्टि बालुवाको संकलन दर प्रदेशले तोकिदिए अनुसार हुने र प्रदेश सरकारले न्यूनतम संकलन मुल्य प्रति घन फिट रु ६ तोकिदिए अनुसार प्रत्येक स्थानीय तहले न्यूनतम सो रकम संकलन गर्नु पर्दछ । नगर पालिकाले मिति २०७९।०६।१४ मा प्रकासन गरेको सुचनामा कवोल रकमको ५ प्रतिशतले हुने रकम एकमुस्ट नगद दाखिला गर्ने बोलपत्रदातालाई छुट दिने व्यवस्था गरेको छ । नगरपालिकाले छुटको व्यवस्था गर्दा सो न्यूनतम संकलन गर्नु पर्ने रकममा समेत छुट दिने गरी सुचना प्रकाशन गरेको र सोही अनुसार छुट दिई रकम दाखिला गर्न लगाएको हुदा प्रदेश सरकारले तोकिदिएको रकममा छुट दिनु लुम्बीनी प्रदेश सरकारले लागु गरेको आर्थिक ऐन, २०७९ को प्रतिकुल देखिन्छ । आर्थिक वर्ष २०७९।८० मा देहाय अनुसार न्यूनतम कवोल रकममा समेत छुट दिदा देहाय अनुसारको रु ३३६२७७.९८ घटी संकलन भएको देखिन्छ । यसरी न्यूनतम कवोल गर्नु पर्ने रकममा समेत छुट दिने कार्य नियम सम्मत नदेखिएकोले सम्बन्धितबाट असुल गर्नु पर्ने रु.

सि.नं	**ठेक्का लागेको घाँट**	**न्यूनतम कवोल**	**कवोल रकम**	**बढी कवोल**	**हुनु पर्ने छुट**	**भएको छुट**	**बढी छुट**
१	पाँचसय खोला	१६०९४७.७१	२४४१०३.१५	८३१५५.४४	४१५७.७७	१२२०५.१६	८०४७.३९
२	बहखोला	१२३३४७	३२८९९६.८४	२०५६४९.८४	१०२८२.४९	१६४४९.८४	६१६७.३५
३	खरायोबोट खोला	४५०७५५६.८४	५६४१९५८.९५	११३४४०२.११	५६७२०.११	२८२०९७.९५	२२५३७७.८४
४	भलाएटार खोला	१९३३७०८.०८	२२५६२१०.५३	३२२५०२.४५	१६१२५.१२	११२८१०.५३	९६६८५.४
बढी छुट							**३३६२७७.९८**

असुल गर्नुपर्ने	३,३६,२८०

७६ **हेफर प्रोजेक्ट नेपालः**

रामपुर नगरपालिकाले हेफर प्रोजेक्ट नेपाल नामक गैरसरकारी संस्थासँग देहायका उद्धेश्य राखी २०८० आषाढ १६ सम्म कार्यान्वियन अवधि रहेको “रामपुर कृषि तथा पशु उद्यमशीलता विकास परियोजना” संचालन गर्न कुल बजेट रु. ४,२४,५३,३३३.०० को ७५ प्रतिशत रकम रु. ३,१८,४०,०००.०० नगरपालिकाले बेहोर्ने गरी मिति २०७८ वैशाख ३० गते सम्झौता गरेको पाइयो ।

• आबद्ध लाभग्राहीलाई स्वावलम्बी समूहहरू तथा सहकारीमा आबद्ध गर्दै सामाजिक पूँजीको अभिवृद्धि गर्नु,

• व्यावसायिक कृषि तथा तरकारी उपजहरूको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्नु तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

• सुधारिएको बाख्रा तथा डेरी व्यवस्थापन र उन्नत प्रविधिहरूको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशीलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

• बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको ।

सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात नगरपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा नगरपालिकाले सो परियोजनाका नाममा यस वर्षको बजेट खर्च रु.७२३९७०८.०० समेत २०७९/८० को अन्तसम्म कुल खर्च रु.१६८३९१६५.०० लेखेको छ । परियोजनाको सम्झौता, सोको कार्यान्वयनको व्यवस्था र कार्य संचालन गरेको विधि र प्रकृया स्थानीय सरकार संचालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना नभएको र परियोजनामा उल्लिखित कार्यक्रमसँग बेमेल हुने गरी समेत खर्च गरेको बेहोरा देहायमा उल्लेख छ ।

७६.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको भए तापनि गैरसरकारी संस्थासँग स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन । स्थानीय तहले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २५ बमोजिम गैरसरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी आफ्ना योजना र कार्यक्रम स्थानीय तहको योजना, बजेट तथा कार्यक्रममा समावेश गराई मात्र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैरसरकारी संस्थाबाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । सो नियम ९९ मा गैरसरकारी संस्थाबाट दश लाख रूपैयाँसम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त तयार गरी कम्तिमा पन्ध्र दिनको अवधिको सूचनामार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च बेहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैरसरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि नगरपालिकाले अनुमानित लागतको ७५ प्रतिशत खर्च रु.३,१८,४०,०००.०० बेहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्रसँग अमिल्दो कृषि सामाग्री, पशु तथा बागवानी सम्बन्धी खरिद र ढुवानीकार्यका लागि तथा तोकिएको रकमको सीमा भन्दा बढी हुने गरी सो परियोजना कार्यान्वयन गर्न र सोका लागि खर्च परिचालन गर्न सो गैरसरकारी संस्थालाई अधिकार दिएको कानूनसम्मत देखिएन ।

सैद्धान्तिक बेरुजु

७६.२ आयोजना वा कार्यक्रमका लागि बजेट प्रस्ताव गर्दा बढी प्रतिफल वा उपलब्धि प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आयोजना तथा कार्यक्रमको प्रस्ताव गर्नुपर्दछ। प्रतिफल उच्च रहने मानिएका आयोजना तथा कार्यक्रमका मुख्य विषय र क्षेत्रमा कुल अनुमानित बजेटको बढी हिस्सा र सोको संचालनार्थ बजेटको कम हिस्सा खर्च हुने गरी बजेट तय गर्नुपर्दछ । सम्झौताबमोजिम निम्नानुसार पशु र कृषि उद्यमशीलताका ३ क्षेत्र पशु खरिद तथा ढुवानी, बागवानी तथा ढुवानी, तथा कृषि सामाग्री र यन्त्रका लागि अनुमानित लागत रु. ४ करोड २४ लाख ५३ हजारको ४१.२४ प्रतिशतले रु. १ करोड ७५ लाख ४ हजार तथा ती मुख्य कृयाकलाप परिचालनका लागि भने तालिम, भ्रमण, तलब, प्राविधिक सेवालगायतमा अनुमानित लागतको ५८.७६ प्रतिशतले रु. २ करोड ४९ लाख ४९ हजारको सम्झौता गरेको छ ।

https://nams.oag.gov.np

क्र. सं.	बजेट शीर्षक र कार्यक्रम	अनुमानित बजेट रु. ('०००)	बजेट प्रतिशत
उद्यमशिलता कार्यक्रमको प्रत्यक्ष लागत			
१	पशु खरिद तथा ढुवानी	६०,०२	१४.१४
२	बागवानी तथा ढुवानी	३५,९०	८.४६
३	कृषि सामाग्री तथा यन्त्र	७९,१२	१८.६४
	जम्मा (क)	१,७५,०४	४१.२४
	कार्यक्रम संचालन खर्च		
४	भ्रमण	१८,३९	४.३३
५	तालिम	६८,५७	१६.१५
६	प्राविधिक सेवा तथा मुल्यांकन	९३,३७	२१.९९
७	तलब तथा सुविधा	५७,८७	१३.६३
८	कार्यक्रम खर्च	११,२९	२.६६
	जम्मा (ख)	२,४९,४९	५८.७६
९	**कुल अनुमानित लागत (क+ ख)**	**४,२४,५३**	**१००**

नगरपालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक, लेखालगायतका विषयगत क्षेत्र हेर्ने सांगठानिक शाखाहरू र जनशक्ति रहेको अवस्थामा नगरपालिका आफैले सो परियोजना संचालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मुल्यांकन नै नगरी सो कार्य गैरसरकारी संस्थाबाट गराउनु जवाफदेहिपूर्ण र औचित्यपूर्ण रहेको पुष्टि हुँदैन । कृषि र पशुका लागि कुल बजेटको ४१.२४ प्रतिशत र सो कार्यक्रम परिचालनका लागि ५८.७६ प्रतिशत बजेट राख्नाले अधिकांश बजेट मुल कार्यक्रमका लागि पुँजी निर्माण गर्ने भन्दा सालबसाली खर्चमा प्रयोग हुने देखिन्छ । हेफर प्रोजेक्टले सो परियोजनाका लागि २५ प्रतिशत खर्च बेहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रम संचालनसँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहनाले सो खर्चको मितव्ययिता र दक्षता विश्लेषण गर्न सकिएन । नगरपालिका आफैले सो कार्यक्रम कार्यान्वियन गरेको भए सोका लागि नगरपालिकाका जनशक्तिका लागि तलब, प्राविधिक सेवा तथा मुल्यांकनसमेतका लागि थप लागत नपर्ने अवस्थाले लागत साझेदारीको उपादेयता अपेक्षित रहेको छैन ।यो वर्षसम्म नगरपालिकाले उद्यमशीलता परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई रु.१६८३९१६५.०० भुक्तानी गरेकोमा सम्झौतामा विस्तृत कृयाकलापगत बजेट उल्लेख नगर्नाले सो खर्चको विश्लेषण गर्न सकिने अवस्था रहेको पाइएन । लक्षित कार्यक्रम भन्दा संचालन लागत बढी हुने गरी यस्ता परियोजनामा लागत स्वीकृत गर्ने र सम्झौता गर्नेलाई जिम्मेवार बनाई संभाव्यता र विस्तृत अध्ययन बेगरका यस्ता परियोजना संचालन गर्ने परिपाटी बन्द गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्यिन गर्नुपर्ने व्यवस्था छ। यस परियोजना वा कार्यक्रमका संभाव्यता अध्ययन, जोखिम, आन्तरिक नियन्त्रण, कृयाकलापगत विस्तृत गतिविधि (कृषि, पशु र बागवानीका खरिदका परिमाण, दर र रकम तथा ढुवानी) र प्रतिफलको लेखाजोखा नगरी परियोजना स्वीकृत गरेको छ । परियोजनामा लाग्ने कार्यक्रमगत खर्चको भार नगरपालिकाले बेहोर्ने भए तापनि सोको व्यवस्थापन र कार्यान्वियनको जिम्मेवारी गैरसरकारी संस्थालाई दिने कार्य सार्वजनिक खरिद तथा आर्थिक कार्यविधि कानूनबमोजिम रहेको पाइएन। आर्थिक कार्यविधि तथा सार्वजनिक खरिद कानूनको पालना र जवाफदेहिताको सुनिश्चितता हुने गरी गैरसरकारी संस्थामार्फत् सार्वजनिक श्रोत

खर्च गर्न गराउन आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था नगरी र कार्यालयका सम्बन्धित अधिकारीको संलग्नता बेगर गरेको खर्च नियमसम्मत् रहेको भनि यकिन गर्न सकिएन । सम्झौतामा नरहेको खोर निर्माण जस्ता प्राविधिक कार्य गर्न हेफर प्रोजेक्ट नेपाल र बेस नेपालसँग सम्बन्धित जनशक्ति नरहेको अवस्थामा पनि सो कार्य गराएको पाइयो । सार्वजनिक खरिद र आर्थिक कार्यविधि कानूनसँग अमिल्दो हुने गरी सम्झौता गर्ने जिम्मेवार व्यक्तिलाई जवाफदेही बनाई आगामी दिनमा यस्ता सम्झौता गर्न नमिल्ने र गरेको भए त्यस्ता शर्त रद्द गरी योजना कार्यान्वियन तथा व्यवस्थापन पक्षलाई कानूनसम्मत्, मितव्ययी, तथा जवाफदेहिपूर्ण बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६.४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा संघीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने उल्लेख छ। सो परियोजनाका लागि हेफर प्रोजेक्ट नेपाललाई उपलब्ध गराएको बजेट र सोबाट गरिएका खर्च सार्वजनिक खरिद ऐन, २०६३ र सोको नियमावली, २०६४ बमोजिम हुने गरी निर्धारण र कार्यान्वयन गराएको पाइएन । साथै, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख गरे तापनि नगरपालिकाको स्रोतको परिचालन र खर्च गर्न गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपाललाई दिँदा सो अनुसार गरेको पाइएन ।यसले गर्दा यो वर्ष खर्च लेखेको रु. ७२३९७०८.०० मध्ये निर्माण कार्य, वस्तु वा सेवामा लागेको खर्चको खरिद कार्य प्रतिष्पर्धी, स्वच्छ, मितव्ययी र विवेकपूर्ण ढंगबाट अधिकतम प्रतिफल हासिल हुने गरी गरेको भनि यकिन गर्न सकिएन । साथै, सोही ऐनको दफा ७३(३) बमोजिम प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राख्ने र राख्न लगाउने उत्तरदायित्व अख्तियार प्राप्त अधिकारीको हुने व्यवस्थाको पनि पालना गरेको नदेखिदा तथा संघीय खरिद ऐनबमोजिम खरिद गुरू योजना र वार्षिक खरिद योजना नबनाई परियोजनाका लागि ऐनबमोजिमको प्रकृया नअपनाई हेफर प्रोजेक्ट नेपालमार्फत् गरिएको खरिद कार्य नियमित, मितव्ययी र दक्षतापूर्ण रहेको भन्ने आधार पाइएन ।सो सम्बन्धमा जिन्सी दाखिलासहित खरिद कार्य मितव्ययी र नियमित रहेको पुष्ट्याई पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६.५ सार्वजनिक निकायले निर्माण कार्य गर्दा, वस्तु वा सेवा खरिद गर्दा तथा कार्यक्रम संचालन गर्दा आफैले सो कार्य गर्न क्षमताको अभाव भएमा कानूनबमोजिम बाह्य पक्षबाट सो कार्य गराउँदा सक्षम पक्षको छनौट गरी सम्झौता गरिएको भन्दा अन्यबाट सो कार्य गर्न गराउन स्वीकृति दिन मिल्दैन । नगरपालिकाले कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको व्यवस्थापन र संचालनका लागि सम्झौताका आधारमा रकम उपलब्ध गराए तापनि हेफर प्रोजेक्टले सो परियोजनाको कार्यान्वियन सम्पूर्ण रूपमा स्थानीय गैरसरकारी संस्था पछौटेपन उन्मुलन समाज (बेस), नेपालमार्फत गराएको छ । पहिलो पक्षको नगरपालिकाले दोस्रो पक्ष रहेको हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरे तापनि आवश्यकता र सक्षमताको परीक्षण बेगर नै परियोजनाको कार्यान्वियन अन्य गैरसरकारी संस्थाले गर्न सहमति दिने र स्वीकार गर्ने, कार्यान्वियन गर्ने गराउने कार्य जवाफदेहिपूर्ण, औचित्यपूर्ण र विधिसम्मत् देखिएन ।

सैद्धान्तिक बेरुजु

७६.६ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) अनुसार कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । साथै, उद्यमशिलता परियोजनाका लागि कृषि सामाग्री, बागवानी तथा पशु खरिद शीर्षकमा बजेट तथा कार्यक्रम स्वीकृत भएकोमा सोसँग असम्बन्धित कार्यमा खर्च गर्न वा सम्झौतामा स्वीकृत शीर्षक र कृयाकलाप भन्दा फरक शीर्षकमा रकमान्तर गरी वा अन्य कारण देखाई सो परियोजनामा लागत समावेश हुने गरी खर्च लेख्न मिल्दैन । नगरपालिकाले उद्यमशीलता परियोजनाका लागि यो वर्ष रु.७२३९७०८.०० खर्च लेखेको मध्ये स्वीकृत कार्यक्रम र शीर्षकसँग असम्बन्धित खोर निर्माणमा यो वर्ष रु.१३५००००.०० तथा ब्याज अनुदानमा रु.२४००००.०० खर्च लेखेको पाइयो । हेफर प्रोजेक्ट नेपालले पेश गरेका खर्चका विवरण र सोको पुष्ट्याईलाई कार्यालयले विस्तृत परीक्षण गर्ने गरेको पाइएन । खोर निर्माण सम्बन्धी लागत अनुमान, खोर निर्माण र सोको लागि लाभग्राहीको छनौट, निर्माण कार्यको अभिलेखलगायतका आधार पेश भएको छैन । साथै, कृषकलाई ब्याज अनुदान दिनुपर्ने भए नगरपालिका आफैले विधिसम्मत सो कार्य गर्न सक्नेमा पनि सम्झौताका शर्तमा नरहेको कार्य हेफर प्रोजेक्ट नेपालले गरेको भनि खर्च

लिएको पाइयो । सम्झौताको उद्धेश्य र कार्यक्रमसँग अमिल्दो कार्यमा गरेको खर्च दाबी गर्ने हेफर प्रोजेक्ट नेपाल तथा सोलाई स्वीकार गर्ने अधिकारीलाई जिम्मेवार बनाई सम्झौता र स्वीकृत कार्यक्रम भन्दा अमिल्दो कार्य खोर निर्माण तथा व्याज अनुदानमा गरेको खर्च स्वीकृत गर्न र समर्थन गर्न नमिल्ने रु.

अनियमित भएको	१५,९०,०००

७७ **हेफर प्रोजेक्ट नेपाल क्रमशः**

७७.१ आयकर ऐन, २०५८ को दफा ७, ८, र ९ बमोजिम क्रमशः व्यवसाय, रोजगारी तथा लगानीको आय भए सोको गणना गरी करयोग्य आयमा कर लाग्ने व्यवस्था छ । सोही ऐनको दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले र दफा ८९ बमोजिम ठेक्का वा करार वापतको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १.५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। परियोजना संचालनका लागि तालिम, प्राविधिक सेवा र मुल्याङ्कन कार्यका लागि बजेट व्यवस्था गरेको र सोको संचालन हेफर प्रोजेक्ट नेपालले गर्ने हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने देखिन्छ। तालिम तथा प्राविधिक सेवा र मुल्यांकनको लागत, दर, र कृयाकलाप नगरपालिकाले स्वीकृत गरेको पाइएन । प्राविधिक सेवा प्रदान गर्ने कार्यको लागत र सोका गतिविधि तथा सोमा के कति खर्च भयो देखिने स्पष्ट अभिलेख संलग्न नरहेको हुँदा सो सेवाको भुक्तानीमा कर कट्टी गर्नुपर्ने रकम यकिन गर्न सकिएन। हेफर प्रोजेक्ट नेपाल गैर नाफामूलक संस्था रहेको भए तापनि संस्थाको मुख्य उद्धेश्य भन्दा पृथक खोर निर्माण, प्राविधिक सेवा, कार्यक्रम तथा तालिम संचालन जस्ता प्राविधिक सेवाको भुक्तानीमा कर छुट नहुनुका साथै सो संस्थाले पुनः अर्को स्थानीय संस्था बेस नेपालमार्फत सेवा प्रदान गराएको हुँदा बेस नेपाललाई हुने भुक्तानीमा सेवा शुल्क लगायतका प्रतिफल समावेश हुने हुँदा सो अवस्थामा भुक्तानी गर्दा सोमा ऐनको दफा ८८ र ८९ बमोजिम कर कट्टी गर्नु पर्ने हुन्छ । तर सो सम्बन्धी खुलासा गरेको पाइएन। उद्यमशीलता परियोजना संचालनका लागि तालिम र प्राविधिक सेवा जस्ता कार्यमा खर्च लेखेको तथा परियोजना संचालनका लागि करार गरेको हुँदा सोको भुक्तानीमा आयकर ऐन, २०५८ का उपरोक्त दफा बमोजिम कर कट्टी गर्नुपर्ने अवस्था देखिदा सो सम्बन्धमा हेफर प्रोजेक्ट नेपाललाई कर कट्टी गर्नु नपर्ने आन्तरिक राजस्व विभागको निर्णय वा कानूनी आधार पेश गर्नुपर्ने अन्यथा यो वर्षको खर्च रकम रु. ७२३९७०८.०० मा हेफर प्रोजेक्ट नेपालले अर्को संस्थालाई दिएको भुक्तानी रकमलाई समेत आधार लिई आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिमको प्रकृतिका भुक्तानीमा कर कट्टी गर्न निक्यौंल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,०८,५९५

७७.२ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(३) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम स्वीकृत कार्यक्रम र सोमा लाग्ने बजेट खर्चको कार्यान्वयन नगरपालिका आफैले गर्नुपर्नेमा रामपुर कृषि तथा पशु उद्यमशिलता विकास परियोजना गैरसरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गराएको पाइयो । नगरपालिकाले कृषि र पशु उद्यमशीलता परियोजना गैर सरकारी संस्था हेफर प्रोजेक्ट नेपालबाट गर्ने गरी सम्झौता गर्दा सो कार्य नगरपालिका आफैले गर्न सक्नेनसक्ने विश्लेषण गरेको पाइएन । सो परियोजना संचालन गर्न क्षमताको कमी भएको भए कानूनबमोजिम बाह्य पक्षबाट गराउँदा नगरपालिकाका कर्मचारीको ज्ञान र सीप हस्तान्तरण हुने व्यवस्था गर्नुपर्नेमा सो गरेको पनि पाइएन। सार्वजनिक स्रोतबाट संचालित कार्यक्रमको कार्यान्वयनमा नगरपालिकाको आधिकारिक संलग्नता नरहनाले परियोजनाका लाभग्राहीलाई बाख्रालगायतका वस्तु वा सेवा वितरण गरेकोमा सोको प्रदायक नगरपालिका नभई गैरसरकारी संस्था हेफर रहेको भन्ने बुझाई व्याप्त रहेको हुँदा नगरपालिकाले सोको जस प्राप्त गरेको स्थिति छैन । स्थानीय कर्मचारीको संलग्नता र कार्यक्रमगत अभिलेखको अभावमा सो कार्यक्रम आवश्यक भएमा नगरपालिका आफैले अगाडि बढाउन कठिनाई हुने हुँदा यस्ता योजना र कार्यक्रम संचालनका विधि कानूनसम्मत र उपलब्धिमूलक हुने गरी तय गरेर मात्र कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.३

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानूनमा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानूनबमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरीत कृषि तथा पशु उद्यमशीलता विकास परियोजनाको कार्यान्वियनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको दफा ७.२.२ बमोजिम पेश्की दिएको पाइयो । सम्झौताको उक्त दफामा पहिलो पक्ष नगरपालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्ता ५० प्रतिशत र तेस्रो किस्ता २५ प्रतिशत र अझ पहिलो वर्षको हकमा सम्झौता रकमको पचास प्रतिशतका दरले दुई किस्तामा रकम निकासा गर्ने उल्लेख छ । यस वर्षान्तमा पेश्की बाँकी नरहे तापनि जमानत बेगर पेश्की दिँदा सोको अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्कीका लागि छुट्टै बैंक खाता नखोली पेश्की उपलब्ध गराएको र मासिक रूपमा खर्चको फाँटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन । आर्थिक कार्यविधि कानूनको प्रावधान विपरीत जमानत बेगर पेश्की दिन मिल्ने बेहोरा सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्थासँग बेमेल हुने गरी पेश्की दिनेलाई जिम्मेवार बनाई कानूनबमोजिम बाहेक सुरक्षण बेगर पेश्की दिने कार्य बन्द गर्नुपर्दछ । सार्वजनिक खरिद ऐन तथा आर्थिक कार्यविधि कानूनबमोजिम पेश्की रकमलाई अन्यत्र प्रयोग गरेमा वार्षिक १० प्रतिशतका दरले ब्याज असुल गर्नुपर्ने प्रावधान रहेबमोजिम मासिक बैंक विवरणका आधारमा नगरपालिकाले दिएको पेश्की रकम प्रयोग गरेको अवस्था यकिन गरी अन्यत्र रकम परिचालन गरेको भए सोमा ब्याज असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७७.४ परियोजना संचालनपूर्व सो सम्बन्धी विस्तृत अध्ययन विश्लेषण गर्नुपर्दछ । सोको अभावमा नै परियोजना तय गरेको अवस्था छ । परियोजनाको उद्धेश्य प्राप्ती भएनभएको मूल्याङ्कन गर्नुपर्ने हुन्छ । उद्यमशीलता परियोजनाका कृषि, बागवानी र पशु खरिद गरी तीन क्षेत्रमा गरिने विस्तृत कृयाकलापको विवरण, सोमा लाग्ने खर्च, लाभग्राहीको छनौट, अपेक्षित प्रतिफल, कार्य सम्पादन सूचक, सार्वजनिक खरिद कानूनको पालना विधि र पारदर्शिताको व्यवस्था निर्धारण नगर्नाले तथा लक्ष्य र प्रगति विवरण पेश नगर्नाले शीर्षकगत खर्चमा स्वीकृत सीमा नाघेननाघेको, विधिको पालना भएनभएको र अपेक्षित प्रगति हासिल गरेनगरेको यकिन गर्न सकिएन । संघीय बजेट र प्रादेशिक बजेटबाट अन्य कार्यालयहरूले पनि कृषि र पशु सम्बन्धी कार्यक्रम संचालन गरिरहेको अवस्थामा यस परियोजनाको कार्य दोहोरो पर्नेनपर्ने बारे अध्ययन विश्लेषण गरेको पाइएन । परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वियनको जिम्मेवारी हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात नगरपालिकाको क्षमता विकास गर्ने र अझ सम्पादित गुणस्तरको सुनिश्चित्ता गर्ने गरी सम्झौता उल्लेख गरे तापनि सो सम्बन्धी कारवाही गरेको पुष्ट्याई पेश गरेको पाइएन ।सम्झौतामा उल्लिखित लाभग्राहीको सामाजिक पुँजीको अभिवृद्धि, कृषि तथा बाख्राको उत्पादन र उत्पादकत्वको अभिवृद्धि, बजार व्यवस्थापन, र उद्यमशीलताको अभिवृद्धि गर्ने मुख्य उद्धेश्यहरू के कति हासिल भयो भनि खर्चको सार्थकतासहित मुल्यांकन गरेको पाइएन। परियोजनाको उद्धेश्य र खर्चको सार्थकता प्राप्त गरेनगरेको सम्बन्धमा मुल्याङ्कन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **सामाजिक सुरक्षा सम्बन्धीः**

यस नगरपालिकाले वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन ।

७८.१ सामाजिक सुरक्षा सम्बन्धमा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को परीपालना सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

(क) लगत कट्टाको अभिलेख: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९/८० मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुन जान्छ । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

(ख) पारदर्शिता: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३२ मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धीत स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको छैन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

(ग) नवीकरण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७७ को दफा ४ मा पालिकाले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गरीरहेका लाभग्राहीको नवीकरण नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र अनिवार्य रुपमा प्रणालीमा अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले केही लाभग्राहीको नवीकरण गरेको पाइएन । नवीकरण नभएको लाभग्राहीको नवीकरण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

(घ) सार्वजनिक सुनुवाई: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३४ (१) मा स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ । ३४(२) मा उपदफा १ बमोजिम गरिएको सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्य स्थानीय तहले आफुले सक्ने विषय सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनका लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो गरेको छैन ।

(ङ) अनुगमन तथा निरीक्षण: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाबाट उक्ता कार्य भएको नदेखिएकले कार्यविधिको व्यवस्था कार्यान्वयनमा पालिकाले ध्यान दिनुपर्दछ ।

(च) निस्कृय खाता: सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौतापत्रको सि.नं.९ मा सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्य निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धित पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७८.२ **दोहोरो नागरिकता नम्बरः** पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई एकै वडामा सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा एकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । यसका केही उदाहरणहरु निम्नानुसार रहेका छन्:

वडा नं.	व्यक्तिगत ID	लाभग्राहीको नाम	नागरिकता नम्बर
१	१९९८०११७००५४३	मान बहादुर मल्ल	१३
१	२०२२०३०२००९२९	झन्मय सिंजाली	१३
१	२००८०२१०००५७६	पूर्णबहादुर विश्वकर्मा	१५१६
१	२०१३०५१३००९८७	शान्तिमाया शार्की	१५१६
१	२००९०८१०००५३३	छुमी सुनार	३९३०१३
१	२०१८०७१०००२२८	नरिसरा घर्ती	३९३०१३
१	२०१२०४१०००५९३	भीम कुमारी ठकुरी	४
१	२०२७०५१०००५३८	फुलमाया दमाई	४

सैद्धान्तिक बेरुजु

७८.३ **मृतकलाई भत्ता:** सामाजिक सुरक्षा वितरण कार्यविधिले जेष्ठ नागरिक भत्ता वितरण गर्दा भत्ता प्राप्त गर्ने लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस पालिकाको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा प्राप्त गर्ने विभिन्न वडाका विवरण मध्ये मृत्युपश्चात मृत्यु दर्ता भएका निम्न लाभग्राहीको विवरण मृत्यु दर्ता किताबमा उल्लेख छ । पालिकाबाट प्राप्त तथ्यांकबमोजिम निजहरुको नाममा सामाजिक सुरक्षा भत्ता वापतको रकम रु.४५८२९.०० भुक्तानी भएको देखिएकोले मृत्यु भैसकेका लाभग्राहीको लगत कट्टा एवं खाता बन्द गरी भुक्तानी भएको रकम फिर्ता दाखिला हुनुपर्ने रु.

वडा नं.	लाभग्राहीको नाम	मृत्यु मिति	उमेर	खातामा जम्मा भएको रकम	पाउने रकम	बढी भुक्तानी
६	Laxuman Damai	10/3/2079	७९	१२०००	३९९	११६०१
८	Bhojraj Neupane	3/13/2080	७३	१२०००	९७०९	२२९१
८	Lik Kumari Giri	2/25/2080	७८	१२०००	७३१५	४६८५
१०	Chandra Singh Ale	9/7/2079	६९	१२०००	८९११	३०८९
१०	Mati sara khanal	3/11/2080	८४	१२०००	९४४३	२५५७
जम्मा						**२४२२३**

असुल गर्नुपर्ने	२४,२२३

अनुगमन लेखापरीक्षण

७९ अनुगमन तथा सम्परीक्षणः

(क) सम्परीक्षण :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्योट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.९ करोड ९७ लाख ८३ हजारमध्ये रु.५ लाख ५३ हजार ०५३ फस्र्योट गरी सम्परीक्षणका लागि म्यानुअल अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ।

सि.नं.	दफा	आ.व.	संक्षिप्त ब्यहोरा	संपरीक्षण रकम
१	१६	२०७६/७७	तलब भत्ता वापत भुक्तानी गर्दा १०% घटी पारीश्रमिक कर कट्ट छुटेकोमा राष्ट्रिय वाणिज्य बैंकको भौचर नं ९०००५१३४३१ मिति २०७९।०३।१९ बाट दाखिला भएको प्रमाण पेस ।	५००५६
२	२९	२०७६/७७	श्री शहीद बहुमुखीलाई बढी भुक्तानी भएको रु ४८००००।०० मिति २०७९/०३/०२ मा दाखिला भएको प्रमाण पेश भएको ।	४८००००
३	४८	२०७६/७७	बरुणेश्वर महादेव मन्दिर व्यवस्थापन समितिलाई PCC 1:1.5:3 को भुक्तानी गर्दा बढी भुक्तानी भएको रु २२९७६.०० मिति २०७९।०१।१२ मा असुल गरि दाखिला गरेको प्रमाण पेस ।	२२९७६
जम्मा				**५५३०५३**

(ख) अद्यावधिक बेरुजुको अवस्थाः यस रामपुर नगरपालिका, पाल्पा को २०७९।८० सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । (रकम रु.हजारमा)

सि.नं	गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju	यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju	यो वर्ष कायम बेरुजू(C) beruju	संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju	अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju
१	९९७८३	५५३	२१६९४	०	१२०९२४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : रामपुर नगरपालिका, पाल्पा , रामपुर नगरपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	गंगालाल सुवेदी	२०७८-६-१३	२०७९-५-३१
कार्यालय प्रमुख	लेखनाथ न्यौपाने	२०७९-६-४	हाल सम्म कार्यरत
लेखा प्रमुख	सीता न्यौपाने	२०७९-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२,३११,९९९	१७,८२४,९४५	१,५५६,६३८	०	०	०
				जम्मा बेरुजु रकम	२१,६९३,५८२
				लेखापरीक्षणको क्रममा असुली रु	२२०,५९३

स्थानीय तह :

https://nams.oag.gov.np

गत बर्षको जिम्मेवारी		१२८५५९५२६.५३	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४९८०४४३६५	चालु खर्च	४४८३२६५८८.४५
प्रदेश सरकारबाट अनुदान	४१७५०९३८	पूँजीगत खर्च	२१२२४७१५५
राजश्व बाँडफाँट	९१३८४२२२.३	वित्तीय/अन्य व्यवस्था	२००६२९४७४.३४
आन्तरिक आय	३७४२७३५९.४१		
अन्य आय	१७६१६८३५१.१७		
कुल आय	८४४७७५२३५.८८	कुल खर्च	८६१२०३२१७.७९
बाँकी मौज्दात		११२१३१५४४.६२	

अनुसूची - २

सि. नं.	लेखापरीक्षण क्षेत्र	लेखापरीक्षण गरिएका विषय
१	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)	संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम)
२	सामाजिम सुरक्षा	सामाजिक सुरक्षा
३	कृषि तथा पशुतर्फ	कृषि तथा पशुतर्फ
४	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)	तलब भत्ता तथा पारिश्रमिक खर्च(तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा)
५	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
६	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)	खर्चको नियमितता तथा मितव्ययिता (चालु तथा प्रशासनिक खर्च)
७	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
८	शिक्षातर्फ	शिक्षा तर्फ
९	खरिद व्यवस्थापन	खरिद व्यवस्थापन
१०	अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।	११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने ।
११	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
१२	ठेक्का व्यवस्थापन	ठेक्का तथा प्रस्ताव व्यवस्थापन

बेरूजु दफा ३६ सँग सम्बन्धित विवरण - अनुसूची -३